# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १७१ | काठमाडौं | शुक्रबार, ३१ असोज २०८२ | Prabhab National Daily | Friday, 17 October 2025 | www.prabhabonline.com | पृष्ठ १० | मूल्य रू. ५।-


## निर्वाचनमा जानेबारे कांग्रेस-एमाले दुईतिर


निर्वाचन आयोगले बिहीबार दलहरूसँग गरेको छलफल। *तस्बिरः रासस*


सबैले वर्तमान सरकारलाई निर्वाचनको म्याण्डेट दिएका छन् । यो राष्ट्रिय भावधाराको विकल्प देखिँदैन ।

**डा. शेखर कोइराला**
नेता, नेपाली कांग्रेस


सरकारले राजनीतिक दलका नेताहरूलाई धाकधम्की दिने, राजनीतिक क्रियाकलाप गर्न नदिने, सीमा बन्देज तोकेकाले निर्वाचनको वातावरण बनेको छैन ।

**राजेन्द्र गौतम**
प्रचार विभाग प्रमुख, नेकपा एमाले


निर्वाचनका लागि स्टेक होल्डरहरु संवादमा आउनुपर्‍यो । यो स्थितिमा स्टेक होल्डर कसैले पनि परिस्थितिलाई भड्काउने काम गर्नु भएन ।

**ओमप्रकाश अर्याल**
गृहमन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** निर्वाचनको वातावरण नबनेको दलहरूको धारणा आएपछि सरकारले यसबारे छलफल थालेको छ । बिहीबार निर्वाचन आयोगले दलका प्रतिनिधिहरूसँग निर्वाचनबारे छलफल गरेको हो । उक्त छलफलपछि दलका नेताहरूले तत्काल चुनाव गर्ने वातावरण नबनेको दाबी गरेका छन् ।

सत्ता समीकरणमा सँगै रहेका नेपाली कांग्रेस र एमाले भने निर्वाचनबारे दुईतिर उभिएको छ । कांग्रेसले निर्वाचनबाटै संवैधानिक बाटोमा फर्कने भनिरहेको बेला एमाले भने संसद् पुनर्स्थापनामा जोड दिन थालेको देखिन्छ । नेकपा एमालेले भने मनाङमा कात्तिक १७ गतेका लागि तोकिएको निर्वाचन सरकारले गराउन नसकेको कारण देखाउँदै आफूहरू विश्वस्त नभएको तर्क प्रस्तुत गरेको थियो । ललितपुरको भनीमण्डलस्थित रामबाग महलमा एमालेको जारी केन्द्रीय कमिटीमा अध्यक्ष केपी शर्मा ओलीले निर्वाचन हुने स्थिति नभएको बताएका हुन् ।

नेपाली कांग्रेसले भने केन्द्रीय समितिमा सरकारले तोकेको निर्वाचनलाई सफल पार्नुपर्ने विषयले प्रवेश पाएको छ । कार्यवाहक सभापति पूर्णबहादुर खड्काको अध्यक्षतामा बिहीबार बसेको बैठकमा कांग्रेसका नेताहरूले निर्वाचनको विकल्प नभएको बताएका हुन् ।

पार्टीले गुमेको साख निर्वाचनबाटै पुनर्स्थापित गर्नुपर्ने कांग्रेस नेता डा. शेखर कोइरालाले बताए । 'सबैले वर्तमान सरकारलाई निर्वाचनको म्याण्डेट दिएका छन् । यो राष्ट्रिय भावधाराको विकल्प देखिँदैन,' कोइरालाले भने, 'कांग्रेस जनताको घरदैलोमा पुग्ने यस अवसरलाई उत्साहपूर्वक अग्रिम पंक्तिमा उभिएर आफ्नो गुमेको वा गुम्दै गएको साख र विश्वास जनताबीच पुनर्स्थापित गर्नुपर्दछ ।'

⏭ क्रमशः पृष्ठ २ मा

जेन-जी आन्दोलनको प्रभाव

## महाधिवेशनको होडमा दलहरू

■ जेबी योञ्जन



**काठमाडौं–** जेन-जी आन्दोलनपछि महाधिवेशन अविलम्ब गर्नुपर्ने दबाब दलहरूले झेलिरहेका छन् । नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायत दलमा महाधिवेशनको माग चर्को रूपमा उठिरहेको छ ।

अधिकांश दलहरूको विधानअनुसार विशेष परिस्थितिमा एक वर्षसम्म महाधिवेशन सार्न मिल्छ । संविधानअनुसार महाधिवेशनलाई छ महिना पछिसम्म धकेल्न मिल्छ । विगतमा दलहरूले यी कानुनी सुविधा उपयोग गरे तर यसपटक त्यस्तो परिस्थिति देखिएको छैन ।

त्रिभुवन विश्वविद्यालयको राजनीतिशास्त्रका सहप्राध्यापक डा. तारानाथ घिमिरे जेन-जी आन्दोलनपछि दलहरू अत्तालिएको बताउँछन् । अविलम्ब नेतृत्व परिवर्तन गरेर जाने परिस्थिति दलहरूभित्र देखिएको छ ।

'देउवा, ओली र दाहालले नयाँ पुस्तालाई पार्टी नेतृत्व पहिल्यै हस्तान्तरण गर्नुपर्थ्यो । तर, त्यसो गरेनन् । पार्टी सत्ता र राजकीय सत्तामा पटक-पटक दोहोरिए, डिक्टेटरसीप (निरंकुशता) लागू गरे, हामी नै सबथोक हौं भन्ठाने । त्यो नेतृत्वको लोकतान्त्रिक चरित्र थिएन,' उनले प्रभावसँग भने, 'तर, जेन-जी आन्दोलनपछि अत्तालिए र महाधिवेशनको माग पनि जोडले उठ्यो ।'

जेन-जी आन्दोलनपछि वर्तमान नेतृत्वहरूलाई लामो समयसम्म कायम राख्न दलकै नेता कार्यकर्ताहरूको अरुचि देखिएको छ । नयाँ नेतृत्वसहित चुनावमा जानुपर्ने पक्षमा देखिएका छन् । त्यसका लागि महाधिवेशनको माग तीव्र भएको हो । यस्तोमा नेकपा एमालेले कात्तिकमै महाधिवेशनको प्रस्ताव गरेको छ । यसअघि फागुनमा महाधिवेशन गर्नेबारे छलफल भएको थियो । तर, चार महिना अगाडि नै महाधिवेशन गर्ने प्रस्ताव एमालेमा आयो ।

विघटित प्रतिनिधिसभामा सबैभन्दा ठूलो दल रहेको नेपाली कांग्रेसलाई पनि आगामी मंसिरभित्रै महाधिवेशन गर्नुपर्ने दबाब छ । महाधिवेशन नियमित कि विशेष गर्ने भन्ने टुंगो लगाएको छैन । ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले भने विशेष महाधिवेशनको माग गरेका छन् । कार्यवाहक सभापति पूर्णबहादुर खड्काले नियमित महाधिवेशनमै जाने बताएका छन् ।

नेकपा माओवादी केन्द्रले आगामी मंसिरमा विशेष महाधिवेशन गर्ने निर्णय गरिसकेको छ । गत विधान महाधिवेशन, केन्द्रीय समिति, पोलिटब्युरो, स्थायी समितिसँगै सचिवालय बैठकसम्ममै उपमहासचिव जनार्दन शर्माले विशेष महाधिवेशनको एजेण्डा उठाएका थिए । पार्टी नेतृत्वमा अध्यक्ष पुष्पकमल दाहालको विकल्प पनि खोजे । जेन-जी आन्दोलनपछि भने जनार्दन शर्माले भन्दै आएको विशेष महाधिवेशन गर्न अध्यक्ष दाहालमाथि दबाब बढेर गयो । त्यसपछि अध्यक्ष दाहाल नियमितभन्दा पनि विशेष महाधिवेशन गर्न तयार भए । केन्द्रीय समिति भंग गरेर महाधिवेशन आयोजक समिति बनाइएको छ, जसको संयोजक दाहाल छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

देउवा, ओली र दाहालले नयाँ पुस्तालाई पार्टी नेतृत्व पहिल्यै हस्तान्तरण गर्नुपर्थ्यो । तर, त्यसो गरेनन् । पार्टी सत्ता र राजकीय सत्तामा पटक-पटक दोहोरिए, 'डिक्टेटरसीप' लागू गरे, हामी नै सबथोक हौं भन्ठाने । त्यो नेतृत्वको लोकतान्त्रिक चरित्र थिएन । तर, जेन-जी आन्दोलनपछि अत्तालिए र महाधिवेशनको माग पनि जोडले उठ्यो ।

**डा. तारानाथ घिमिरे**
सहप्राध्यापक, त्रिभुवन विश्वविद्यालय

पार्टी नेतृत्वबाट शीर्ष नेताहरूको बहिर्गमनका लागि युवा नेताहरूले संघर्ष नगरेका होइनन्, तर उनीहरूको सीप चलेन, अब भने नेतृत्वमा पुस्तान्तरणको वातावरण बनेको देखिन्छ, त्यसकै लागि दलहरूमा महाधिवेशनको बढ्ता माग बढेको देखियो ।

**लोकराज बराल**
राजनीतिशास्त्री

सन्दर्भः वैदेशिक रोजगार

## विभागीय मन्त्री नहुँदा वैदेशिक रोजगार क्षेत्र प्रभावित

कुवेतमा म्यानपावरमार्फत श्रम स्वीकृति लिएर गएका करिब ४०० जना सवारी चालकको समस्या आएको छ । दूतावासले लाइसेन्स भेरिफिकेसन लेटर दिनुपर्ने, यहाँको अनलाइन प्रणाली ध्वस्त भएकाले केही पनि देखिँदैन । हामीले विभाग र मन्त्रालयमा पत्र पठाए पनि भइरहेको अवस्था छैन ।

**कुन्छादोर्जे डिम्दोङ**
सचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

अहिले युएई बन्द भएको विषयमा पनि विभागीय मन्त्री नहुँदा त्यहाँको सरकार प्रमुखसमक्ष पुग्न सकेको छैन । युएई बन्द हुँदा वैदेशिक रोजगार व्यवसायमात्र नभइ धेरै क्षेत्र प्रभावित हुन्छन् ।

**जनक रावल**
अध्यक्ष, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल




■ ममता थापा

**काठमाडौं–** जेन-जी आन्दोलनको परिवर्तनपछि अन्तरिम सरकार गठन भएको एक महिना बितिसक्दा पनि मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेको छैन । गत भदौ २३ र २४ गतेको आन्दोलनले कांग्रेस-एमालेको गठबन्धन सरकार ढालेपश्चात् २७ भदौमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार बनेको थियो ।

प्रधानमन्त्री कार्कीले मन्त्रिपरिषद् विस्तार गर्दै सात जना मन्त्री नियुक्त गरिन् । त्यसयता मन्त्री चयन गर्न सकेकी छैनन् । जसकारण अधिकांश मन्त्रालयको जिम्मेवारी उनी आफैंले सम्हालेकी छन् ।

एक महिनाभन्दा बढी समयदेखि मन्त्रीविहीन बनेको मन्त्रालयमध्येको एक हो- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय । विभागीय मन्त्री नियुक्त नभएका कारण प्रधानमन्त्री कार्कीकै मातहतमा चलिरहेको छ यो मन्त्रालय ।

मुलुकमा सिर्जित विषम् परिस्थितिमा मन्त्रालय नेतृत्वविहीन हुँदा वैदेशिक रोजगारसम्बन्धी विभिन्न योजनाहरू प्रभावित बनेको मन्त्रालयका एक अधिकारी बताउँछन् । वैदेशिक रोजगार व्यवसायीहरूले पनि विभागीय मन्त्री नहुँदा तत्काल समाधान गर्नुपर्ने समस्या प्रभावित हुनुका साथै श्रमसम्बन्धी दीर्घकालीन समस्या निम्तिने खतरा बढेको भन्दै चिन्ता व्यक्त गरेका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

### श्रमसम्बन्धी काम प्रभावित भएको छैनः मन्त्रालय

श्रम, रोजगार तथा सामाजिक मन्त्रालयका अधिकारीहरूले भने मन्त्री नहुँदैमा काम नरोकिएको बताएका छन् । दैनिक प्रशासनिक कामहरू नियमित चलिरहेको मन्त्रालयका उपसचिव एवं सूचना अधिकारी हुमनाथ पराजुलीले बताए । मन्त्रालयसँग सम्बन्धित आवश्यक काम कारवाही प्रधानमन्त्री सुशीला कार्कीले हेरिरहेको उनले बताए ।

'नीति, कार्यक्रम र बजेट आइसकेपछि त्यसैलाई निरन्तरता दिने त हो नि । कतिपय कामहरू सचिवस्तरबाटै गर्ने अधिकार कानुनले दिएको छ,' पराजुलीले भने, 'कतिपय अधिकार प्रत्यायोजन गर्नुपर्ने हुन्छ ।'

⏭ क्रमशः पृष्ठ २ मा

## सरकारले फिर्ता बोलायो ११ राजदूत

**चीन, जर्मनी, मलेसिया, इजरायल, कतार, रुस, साउदी अरब, स्पेन, बेलायत, संयुक्त राज्य अमेरिका र जापानका लागि नेपाली राजदूतहरुलाई कात्तिक २० भित्र फर्कन निर्देशन**

■ प्रभाव संवाददाता



**काठमाडौं–** सरकारले विभिन्न देशका ११ राजदूतलाई फिर्ता बोलाएको छ । बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको सरकारका प्रवक्तासमेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए ।

मन्त्रिपरिषद्ले चीन, जर्मनी, मलेसिया, इजरायल, कतार, रुस, साउदी अरब, स्पेन, बेलायत, संयुक्त राज्य अमेरिका र जापानका लागि नेपाली आवासीय राजदूतहरूलाई फिर्ता बोलाएको हो । 'राजदूतहरूलाई २०८२ कात्तिक २० गतेभित्र आइपुग्ने गरी फिर्ता बोलाउने निर्णय गरेको छ,' मन्त्री खरेलले भने ।

यसरी फिर्ता बोलाएका राजदूतमा राजनीतिक नियुक्ति पाएकाहरू हुन् । अमेरिकाका लागि लोकदर्शन रेग्मी र चीनका राजदूतमा कृष्णप्रसाद ओलीलाई निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली सरकारले नियुक्त गरेको थियो । पूर्वमुख्यसचिवसमेत रहेका रेग्मी र चीनका राजदूत ओलीलाई २०८१ कात्तिक २५ गते नियुक्त गरिएको थियो । रेग्मी यसअघि २०७७ मा पनि मुख्यसचिवबाट राजीनामा दिएर बेलायतका लागि राजदूत बनेका थिए ।

जर्मनीमा शैल रूपाखेती, इजरायलमा धनप्रसाद पण्डित, मलेसियामा डा. नेत्रप्रसाद तिमल्सिना, कतारमा रमेशचन्द्र पौडेल, रुसमा जंगबहादुर चौहान, साउदी अरबमा नरेशविक्रम ढकाल, स्पेनमा शनिल नेपाल, बेलायतमा चन्द्रकुमार घिमिरे, जापानमा डा. दुर्गाबहादुर सुवेदी राजदूत छन् । उनीहरू सबैलाई कार्की सरकारले फिर्ता बोलाएको हो ।

सरकारले फिर्ता बोलाएका अधिकांश राजदूत ओली नेतृत्वको सरकारको पालामा नियुक्त भएका थिए । उनीहरू कांग्रेस, एमाले र माओवादी केन्द्रको भागबण्डाको आधारमा मन्त्रिपरिषद्को सिफारिसमा राजदूत बनेका थिए । सरकारले भारतका लागि नेपाली आवासीय राजदूतलाई भने फिर्ता बोलाएको छैन । भारतमा शंकर शर्मा नेपाली राजदूत छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## महाधिवेशनको...

विघटित प्रतिनिधिसभाकै पाँचौं ठूलो दल राप्रपाले पनि आगामी कात्तिकमै महाधिवेशनको मिति घोषणा गर्ने जनाइसकेको छ। अध्यक्ष राजेन्द्र लिङ्देनमाथि महामन्त्री डा. धवलशमशेर राणापक्षले महाधिवेशन अविलम्ब गर्न दबाब बढाइरहेको छ।

राजनीतिशास्त्रका सहप्राध्यापक डा. घिमिरेलाई जेन-जी आन्दोलन र आगामी २१ फागुनमा घोषित चुनावले दलहरूको नेतृत्व परिवर्तनमा पूरै हलचल निम्त्याएको लाग्छ। 'दलहरूलाई जनतामा पुनःस्थापित हुन धेरै गाह्रो छ, भलै प्रजातन्त्र स्थापना गर्न योगदान दिए, तर जेन-जी आन्दोलनले लोकतान्त्रिक मूल्यमान्यताभन्दा टाढा रहेका उनीहरू कमजोर भएर आत्तिए,' उनले भने, 'यस्तोमा हामी सरकारदेखि त बाहिरियौं अब सत्ताबाट पनि बाहिरिनुपर्छ कि भन्ने पिरमा छन्। जे होस् आन्दोलन र चुनावले दलहरूमा ठूलै हलचल ल्यायो।'

जेन-जी आन्दोलनसँगै लामो समयदेखि मुख्य दलहरू कांग्रेस, एमाले र माओवादीमा अवरुद्ध नेतृत्व पुस्तान्तरणको गाँठो फुकाउन सहज वातावरण बन्दै गएको एकथरीको विश्लेषण छ। विगत केही वर्षदेखि ती दलहरूका केही युवा नेताले नेतृत्वमा पुस्तान्तरणका लागि संघर्ष जारी राखेका थिए। तर, उनीहरू सफल भएका थिएनन्। अन्ततः २३ र २४ भदौको जेन-जी आन्दोलनले नेतृत्वमा पुस्तान्तरणको आवाजलाई सम्बोधन गर्ने माहोल निम्तिएको राजनीतिशास्त्री लोकराज बराल बताउँछन्।

'पार्टी नेतृत्वबाट शीर्ष नेताहरूको बहिर्गमनका लागि युवा नेताहरूले संघर्ष नगरेका होइनन्, तर उनीहरूको सीप चलेन, अब भने नेतृत्वमा पुस्तान्तरणको वातावरण बनेको देखिन्छ, त्यसकै लागि दलहरूमा महाधिवेशनको बढ्ता माग बढेको देखियो,' उनले भने।

२०७९ को चुनावबाट प्रतिनिधिसभाको चौथो ठूलो दल बनेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले भने तय भइसकेको महाधिवेशनको मिति सार्ने भएको छ। रास्वपाले यसअघि आगामी फागुनमा महाधिवेशन गर्ने निर्णय गरेको थियो। नेता सन्तोष परियारका अनुसार २१ फागुनमै मध्यावधि चुनाव हुने भएका कारण त्यसपछि मात्रै महाधिवेशन गर्ने तयारी भइरहेको छ।

■■■

## निर्वाचनमा...

सरकारले निर्वाचनको वातावरण तयार गर्न भदौ २३ र २४ को प्रदर्शनका क्रममा सुरक्षाकर्मीबाट लुटिएका हतियार फिर्ता गर्नुपर्ने र जेलबाट भागेका कैदीहरूलाई नियन्त्रण गर्नुपर्ने कोइरालाको सुझाव थियो।

यसअघि कांग्रेस सभापति शेरबहादुर देउवाले मंगलबार सम्बोधन गर्दै देशलाई संवैधानिक बाटोमा फर्काउने माध्यम निर्वाचन भएको बताएका थिए। 'सरकारले निर्वाचनका लागि वातावरण बनाउन सकेमा देशलाई पुनः संवैधानिक बाटोमा फर्काउने आधार निर्वाचन हो भन्ने हाम्रो विश्वास छ,' देउवाले भनेका थिए।

निर्वाचन सरकारकै म्याण्डेड भएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले बिहीबार जेन-जीका प्रतिनिधिहरूसँग छलफल गरे। जेन-जी प्रतिनिधिहरूसँग राष्ट्रपति पौडेलले फागुन २१ गते हुने निर्वाचनलाई महायज्ञको रूपमा लिन र सफल पार्न आग्रह गरे।

राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार निर्वाचनलाई सामान्यरूपमा नलिई राष्ट्रको काँचुली फेर्ने महाअभियानका रूपमा लिन सुझाएका थिए। 'यो चुनावमा तपाईं युवाहरू अघि सरेर राम्रो प्रतिनिधिसभा बनाउनुस्, भ्रष्ट र बदमास जित्न नपाउन्, असल र इमान्दारहरू जितेर आउन्,' राष्ट्रपति पौडेलको भनाइ उद्धृत गर्दै पोखरेलले भने, 'त्यसपछि देश न्यायको बाटोमा जानुपर्छ, सुशासनको बाटोमा जानुपर्छ र मुलुकले उन्नति गर्नुपर्छ। र, युवाहरू बाध्यताले विदेश पलायन हुने अवस्थाको अन्त्य हुनुपर्छ।'

राष्ट्रपति पौडेलले युवाहरूको जायज माग राखेर गरेको आन्दोलनलाई देखाएर रोटी सेक्ने र आफ्नो स्वार्थ पूर्ति गर्न चाहनेहरूबाट सचेत रहन पनि आग्रह गरे। छलफलमा अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीसहित मन्त्रीहरू सहभागी थिए।

### निर्वाचनमा नजाने पक्षमा एमाले

नेकपा एमाले निर्वाचनमा नजाने पक्षमा देखिएको छ। सरकारले निर्वाचनको बेला राजनीतिक दलका नेताहरूलाई झमेला पार्ने र बन्देज गर्ने क्रियाकलाप जारी राखेको एमालेको आरोप छ।

'हामीले निर्वाचनमा भागै लिँदैनौ भनेका छैनौं। राजनीतिक दलका नेताहरूलाई धाकधम्की दिने, राजनीतिक क्रियाकलाप गर्न नदिने, सीमा बन्देज तोकेकाले निर्वाचनको वातावरण बनेको छैन,' एमाले प्रचार विभागका प्रमुख राजेन्द्र गौतमले भने।

अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीले पनि दलहरूसँग यसबारे कुनै छलफल नगरेको गौतमले आरोप लगाए। यसअघि एमालेले मोटारसाइकल ऱ्याली आयोजना गरेकोमा सरकारले निषेध गरेको थियो। त्यसैगरी सरकारले एमाले अध्यक्ष ओलीलाई उपत्यकाबाहिर जान निषेध गर्ने निर्णय गरेको थियो। त्यसैगरी सरकारले ओलीको राहदानी रोक्का गर्ने तयारीसमेत गरेको थियो।

गृहमन्त्री ओमप्रकाश अर्यालले एमालेलाई लक्षित गर्दै केही तत्वहरू निर्वाचन बिथोल्न सक्रिय भएको आरोप लगाएका छन्। जिल्ला समन्वय समिति भक्तपुरको कार्यालय अनुगमनको क्रममा गृहमन्त्री अर्यालले निर्वाचनको माहोल बिगार्न लाग्नेलाई सरकारले सम्झाइबुझाइ गरिरहेको दाबी गरे।

'निर्वाचनका लागि सबै संवादमा आउनपर्‍यो। स्टेक होल्डरहरू संवादमा आउनुपर्‍यो। सरकारले संवादमा सहजीकरण गर्छ। राष्ट्रपतिज्यूले पनि संवाद सुरु गरिसक्नुभएको छ। हामीले हाम्रो तहबाट पनि संवादका लागि आह्वान गरिरहेका छौं। यो स्थितिमा स्टेक होल्डर कसैले पनि परिस्थितिलाई भड्काउने काम गर्न भएन,' गृहमन्त्री अर्यालले भने।

सरकार स्वतन्त्र र निष्पक्ष ढंगबाट निर्वाचन गराउनका लागि बनेको उल्लेख गर्दै उनले तोकिएकै मितिमा सरकारले निर्वाचन गराउने दाबी गरे।

■■■

## विभागीय...

जेन-जी आन्दोलनपछि नेपालीहरूको प्रमुख रोजगार गन्तव्य संयुक्त अरब इमिरेट्स (युएई)ले नेपाली नागरिकलाई भिजिट र श्रमिक भिसा रोकेको अवस्था छ। अन्य मुलुकले पनि कामदार लैजान कडाइ गर्दै श्रमिकको संख्या घटाइरहेका छन्। यस्तो अवस्थामा कूटनीतिक पहलहरू हुन नसकेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सचिव कुन्छादोर्जे डिम्दोङ बताउँछन्।

'युएईको भिसा रोकिएको छ। के कस्तो कारणले रोकिएको हो भनेर संघले या व्यवसायीले भनेर हुँदैन। सरकारले कूटनीतिक पहलमार्फत सत्यतथ्य बाहिर ल्याउन सकेको छैन,' उनले भने।

जेन-जी आन्दोलनका कारण कुवेतमा सवारी चालकमा गएकाहरूले लाइसेन्स (सवारी चालक अनुमतिपत्र) नपाउँदा ठूलो समस्यामा परेको उनले औंल्याए। 'कुवेतमा म्यानपावरमार्फत श्रम स्वीकृति लिएर गएका तीनदेखि ४०० जना सवारी चालकहरूको समस्या आएको छ। दूतावासले लाइसेन्स भेरिफिकेसन लेटर दिनुपर्ने। यहाँको अनलाइन प्रणाली ध्वस्त भएकाले केही पनि देखिँदैन,' सचिव डिम्दोङले भने, 'यो सानो संख्या होइन। यसको हल गर्न पहल भएको छैन। हामीले वैदेशिक रोजगार विभाग र मन्त्रालयमा पत्र पठाए पनि भइरहेको अवस्था छैन।'

यसैगरी मन्त्रालयमा मन्त्री नै नहुँदा हालसालै बनेका विभिन्न कार्यविधिहरू, केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक आदिको कार्यान्वयन हुन नसकेको सरोकारवालाहरू बताउँछन्। जापान इन्टरनेसनल ट्रेनी एण्ड स्किल्ड वर्कर को-अपरेसन अर्गनाइजेसन (जिट्को)को लाइसेन्स नवीकरण हुन नसक्दा जापान जाने तयारीमा रहेकाहरू अलपत्र पर्ने अवस्था आएको जनाइएको छ।

'जापानमा कामदार पठाउने व्यवसायीहरू ५०० भन्दा माथि छन्। त्यसमा १०० संख्या नपुगेका व्यवसायीको लाइसेन्स नवीकरण भएन। त्यस्तै नवीकरण गर्ने मिति दुईवटा हुँदा पछि गरौंला भनेर बसेका व्यवासायीहरूको पनि नवीकरण रोकिएको छ,' संघका सचिव डिम्दोङले भने, 'उनीहरूले कामदार पठाउन पाएका छैनन्। त्यो पहल कसले गरिदिने ? विभागमा गयो मन्त्रायले गर्ने हो भन्छन् त्यहाँका कर्मचारीहरू। यो समस्या सानो देखिए पनि जटिल छ।'

मन्त्रालय नेतृत्वविहीन हुँदा काम हुन नसकेको व्यवसायीहरूले गुनासो गरेका छन्। सचिवको नेतृत्वमा रहेको मन्त्रालयमा समस्या लिएर जाँदा प्रधानमन्त्रीले समय नदिएको जवाफमात्र आएको उनीहरूको भनाइ छ। मन्त्रालयमा निर्णय गर्ने मन्त्री नहुँदा व्यवसायीहरू मारमा परेको प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावलले बताए। व्यवसायीहरूले लामो समयदेखि उठाउँदै आएका मुद्दाहरू सुनुवाइमासमेत 'ब्रेक' लागेको उनको भनाइ छ।

'मागपत्र प्रमाणीकरणको विषय अल्झेको अल्झ्यै छ। कतार, युएई, मलेसियालगायतका मुलुक हुँदै बिचौलियाले कामदार लगिरहेका छन्। मलेसियाको मागपत्र रोकिएको दुई वर्ष कटिसक्यो। लागत निर्धारणको कुरा टुंगोमा नपुग्दा व्यवसायी, श्रमिक र राज्यलाई समेत अप्ठ्यारो परिरहेको छ,' रावलले भने, 'अहिले युएई बन्द भएको विषयमा पनि विभागीय मन्त्री नहुँदा त्यहाँको सरकार प्रमुखसमक्ष पुग्न सकेको छैन। युएई बन्द हुँदा वैदेशिक रोजगार व्यवसायमात्र नभइ धेरै क्षेत्र प्रभावित हुन्छन्।' हालको अवस्थामा व्यवसायीले निर्धक्कका साथ काम गर्ने वातावरण नरहेको र यसको सुनुवाइ गर्ने कुनै निकाय नभएको भन्दै व्यवसायीहरू थप चिन्तित देखिएका छन्। कसैको कार्यालयमा केही भइहाल्यो भने प्रहरीसँग सुरक्षा दिने साधन स्रोत नहुँदा व्यवसायीले असुरक्षित महसुस गरिरहेको पनि रावलले बताए।

जेन-जी आन्दोलनपछि संसारभर नेपालीहरू इमानदार, सहनशील हुन्छन् भन्ने छविमासमेत शंका गर्ने अवस्था सिर्जना भएकोले नेपालको वैदेशिक रोजगारीमा दीर्घकालीन असर पर्न सक्ने व्यवसायीहरू बताउँछन्। कतिपय रोजगारदाताले नेपालीहरू आतंक फैलाउने रहेछन् भन्न थालेको व्यवसायीले बताएका छन्। यो सन्देश फैलन नदिन सरकारले आवश्यक कदम नचालेको उनीहरूको गुनासो छ।

विभागीय मन्त्री नहुँदा विभिन्न मुलुकसँग हुनुपर्ने श्रम सम्झौताको काम पनि प्रभावित बनेको छ। साउदी अरेबियासँग सम्झौताका लागि अन्तिम चरणमा रहेको बताउने मन्त्रालयले अहिले पनि सोही स्थितिमा रहेको जानकारी दिएको छ। श्रम कूटनीतिमा कमजोर हुँदा रोजगारीको अवसर गुम्नसक्नेतर्फ सरोकारवालाहरूले सरकारको ध्यानाकर्षण गराएका छन्।

■■■

## श्रमसम्बन्धी...

प्रधानमन्त्रीज्यूलाई नै विभागीय मन्त्रीको पनि जिम्मेवारी हुँदा कतिपय कामहरू त्यसरी भइरहेका छन्।'

युएईको विषयमा हाम्रो अवस्था हेरेर निर्णय लिने अधिकार उनीहरूलाई भएकाले यो विषय विस्तारै समाधान हुँदै जाने उनको भनाइ छ। विभिन्न मुलुकसँगको श्रम सम्झौता नवीकरणको विषय भने पहिला जुन अवस्थामा थियो त्यो भन्दा अघि नबढेको उनले बताए।

■■■

## सरकारले...

यसैगरी दक्षिण कोरियाका लागि राजदूतमा नियुक्त कपिलमान श्रेष्ठलाई पनि सरकारले फिर्ता बोलाएको छैन। रेग्मीलाई राजदूत नियुक्त गर्दा निर्देशिका उल्लंघन गरेको सरकारले श्रेष्ठलाई सिफारिस गर्दा संविधान नै मिचेको थियो। शर्माको हकमा सरकारले 'राजदूत नियुक्तिसम्बन्धी निर्देशिका २०७५' लाई उल्लंघन गरेको थियो भने श्रेष्ठको सिफारिसमा संविधानको धारा २४८ (८) मिचेको थियो।

नेपालको संविधानको धारा २४८ (८) ले राष्ट्रिय मानवअधिकार आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य 'सरकारी सेवा'मा जान नपाउने व्यवस्था गरेको छ। तर राजदूत श्रेष्ठ राष्ट्रिय मानवअधिकार आयोगको स्थापनापछि पहिलो कार्यकालमै सदस्य भएका थिए।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०६/३१**

यस कम्पनीको मिति २०८२/०५/१५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एक्टिभ लयर्स**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/२९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नोवस ल ग्रुप** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०६/३१**

यस कम्पनीको मिति २०८२/०५/१५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एक्टिभ प्रेस**को नाममा रहेको सम्पूर्ण चल अचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/३० गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नोवस मिडिया ग्रुप** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।

### कम्पनीको नाम परिवर्तन गरिएको सार्वजनिक सूचना

मिति २०८२।०५।३० मा सम्पन्न कम्पनीको वार्षिक साधारण सभावाट यस कम्पनीको साविकको नाम प्रकाश सोलुसन प्राइभेट लिमिटेड (Prakash Solution Private Limited) लाई परिवर्तन गरी सुपर पालुङ्ग हाइड्रोपावर प्राइभेट लिमिटेड (Super Palung Hydropower Private Limited) कायम गर्ने निर्णय श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा मिति २०८२।०६।०८ मा अभिलेख समेत भई उक्त परिवर्तित नाम कार्यान्वयनमा आएको हुँदा साबिक प्रकाश सोलुसन प्राइभेट लिमिटेडको नामबाट सिर्जना भएको सम्पूर्ण चल अचल सम्पत्ती तथा दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोरा नियमनकारी निकाय तथा समस्त सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**प्रकाश सोलुसन प्राइभेट लिमिटेड**
का.म.न.पा. १०, बुद्धनगर, काठमाण्डौ

### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक १७० असोज ३० गते २०८२ मा प्रकाशित **कम्पनीको नाम परिवर्तनसम्बन्धी सूचनामा** साविक कम्पनी **एक्टिभ प्रेस**को नाम परिवर्तन गरी **नोवस मिडिया ग्रुप** कायम गरिएको हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ।

### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक १७० असोज ३० गते २०८२ मा प्रकाशित **कम्पनीको नाम परिवर्तनसम्बन्धी सूचनामा** साविक कम्पनी **एक्टिभ लयर्स**को नाम परिवर्तन गरी **नोवस ल ग्रुप** कायम गरिएको हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ।

### मलेसियामा रोजगार

कम्पनीः KUKUP GUAN SENG SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०३/३२ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/३० LT. No. 327233 चलानी नं. ६०२४११०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouseman/Storkeeper | 45 | 0 | 1700 | ५६,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कार्तिक १२ गते (29th Oct. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt. License 300/059/60
TRANS WORLD Manpower CO.(P) Ltd.
3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ Email: twmanpower@wlink.com.np

### साउदीमा रोजगार

कम्पनी : SHURFAT CUZ CATERING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०६/२० LT. No. 332493 चलानी नं. ६०२४६१७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1000 | ३७,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कार्तिक ७ गते (24th Oct. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२
Email: dhruvswamig@gmail.com

शुक्रबार, ३१ असोज, २०८२

| | |
|---|---|
| मेष | विशेष काम, रोकिएका काम बन्नेछ। |
| वृष | उत्सावर्द्धक, प्रतिष्ठत व्यक्तिबाट सहयोग। |
| मिथुन | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता। |
| कर्कट | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने। |
| सिंह | बाधा-व्यावधान, राकम र श्रम खर्च हुनेछ। |
| कन्या | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने। |
| तुला | महत्त्वकांक्षाले समस्या निम्तन सक्नेछ। |
| वृश्चिक | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ। |
| धनु | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ। |
| मकर | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ। |
| कुम्भ | रोकिएका काम बन्ने, आयस्रोत बढ्नेछ। |
| मीन | उतारचढावमा समय व्यतित हुनेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

३१ असोज, २०८२ (१७ अक्टोबर, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४०.६३ | १४१.२३ |
| युरो | १ को | १६३.५३ | १६४.२३ |
| पाउन्ड स्टिर्लङ | १ को | १८७.८७ | १८८.६७ |
| स्विस फ्रैन्क | १ को | १७५.७३ | १७६.४८ |
| अस्ट्रेलियन डलर | १ को | ९१.६८ | ९२.०७ |
| क्यानाडियन डलर | १ को | १००.२० | १००.६२ |
| सिङ्गापुर डलर | १ को | १०८.५१ | १०८.९७ |
| जापानी येन | १० को | ९.२९ | ९.३३ |
| चिनियाँ युआन | १ को | १९.७३ | १९.८२ |
| साउदी अरब रियाल | १ को | ३७.५० | ३७.६६ |
| कतारी रियाल | १ को | ३८.५८ | ३८.७५ |
| थाई भाट | ख १ को | ४.३२ | ४.३४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.२९ | ३८.४५ |
| मलेसियन रिङेट | १ को | ३३.२३ | ३३.३७ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९३ |
| स्विडिस क्रोनर | १ को | १४.८३ | १४.८९ |
| डेनिस क्रोनर | १ को | २१.९० | २१.९९ |
| हङकङ डलर | १ को | १८.०९ | १८.१७ |
| कुवेती दिनार | १ को | ४५८.१६ | ४६०.१२ |
| बहराइन दिनार | १ को | ३७३.०५ | ३७४.६४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।



भक्तपुर नगरपालिका–४ तालाक्वोंस्थित पोटरी स्क्वायरमा रङ भरिएको कर्चीँलाई कलामा उतार्दै कलाकार मीना भैल । *तस्बिरः रासस*

# बजार अनुगमनलाई तीव्रता दिँदै कामपा

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** चाडपर्व नजिकएसँगै काठमाडौं महानगरपालिका (कामपा)ले बजार अनुगमनलाई तीव्र बनाएको छ । कामपा र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले बजार अनुगमन थालेको हो । नयाँबानेश्वर क्षेत्रमा रहेका साना होटल तथा रेस्टुरेण्ट व्यवसायमा अनुगमन गर्दा अधिकांश व्यवसाय मापदण्डविपरीत सञ्चालनमा रहेका पाइएको कामपाले जानकारी दिएको छ ।

काठमाडौं महानगरपालिका कृषि तथा पशुपन्छी विभागका विभागीय प्रमुख नुरनिधि न्यौपानेका अनुसार कानुनविपरीत सञ्चालन गरिएको व्यवसायलाई नियमानुसार आउन निर्देशन दिइएको जानकारी दिँदै अटेर गरेमा कानुनबमोजिम कारबाही गरिने बताए । उनका अनुसार सानो लापरवाहीबाट विभिन्न रोगको संक्रमण फैलिन सक्ने भएकाले सरसफाइमा ध्यान दिनु व्यवसायीको कर्तव्य हो ।

प्रमुख न्यौपानेले भने, 'महानगर अनुगमन गरेर व्यवसायीलाई तर्साउन चाहँदैन, सबैले आफ्नो कर्तव्य र जिम्मेवारी नबिर्सौं, सरसफाइमा ध्यान दिनु उपभोक्ता र व्यवसायी दुवैका लागि फाइदा हुन्छ ।'

कामपा खाद्य स्वच्छता तथा गुणस्तर कार्यक्रमका सल्लाहकार सन्तोष गिरीका अनुसार महानगरले सशक्तीकरण, अनुगमन र नियमनलाई अहिले प्राथमिकता दिएको छ । उनले भने, 'हामी बजार कस्तो र कुन अवस्था छ भनेर बुझ्दै छौं । व्यवसायीहरू खाद्य स्वच्छता र गुणस्तरीयतामा कत्तिको सचेत हुनुहुन्छ भनेर मूल्यांकन गर्दै छौं । राम्रो गर्नेलाई हौसला दिन्छौं, कमजोरी देखिए सम्झाउँछौं, सचेत गराउँछौं; त्यति गर्दा पनि अटेर गर्नेलाई कानुनबमोजिम कारबाही हुन्छ ।'

महानगरले मापदण्डविपरीत सञ्चालन भएका व्यवसायलाई खाद्य अनुज्ञापत्रमा तोकिएका वस्तुमात्र प्रयोग गर्न, सरसफाइमा विशेष ध्यान दिन, मास्क-एप्रोन-पञ्जाजस्ता खाद्य स्वच्छता मानक पालना गर्न, फोहोर व्यवस्थापनमा डस्टबिनको प्रयोग गर्न, व्यवसाय दर्ता समयमा नवीकरण गर्न र मापदण्डअनुसार व्यवसाय सञ्चालनमा ल्याउन निर्देशन दिइएको छ । साथै, यथाशीघ्र स्पष्टीकरणसहित महानगरमा उपस्थित हुन निर्देशन दिइएको छ ।

महानगरका अनुसार अनुगमनको उद्देश्य व्यवसायीलाई डर देखाउने नभई व्यवसायीलाई स्वच्छ, जिम्मेवार र कानुनअनुसार व्यवसाय सञ्चालन गर्न प्रेरित गर्ने हो । यति गर्दा पनि लापरवाही गरेमा कानुनअनुसार कारबाही हुने महानगरले जानकारी दिएको छ । व्यवसायीको सानो गल्तीले उपभोक्ताको स्वास्थ्यमा नकारात्मक असर पर्नसक्ने भएकाले व्यवसायीले थप जिम्मेवार भएर कानुनअनुसार सेवालाई प्रभावकारीरूपमा प्रदान गर्नुपर्नेमा कामपाले जोड दिएको छ ।

# अवाञ्छित गतिविधि देखिए प्रहरीलाई खबर गर्न आग्रह

**काठमाडौं (प्रस)–** नेपाल प्रहरीले सुख, शान्ति, समृद्धि र आपसी सद्भावका साथ मनाइने चाड तिहारमा आफ्नो घर र समुदायमा कुनै अवाञ्छित गतिविधि देखिएमा प्रहरीलाई तत्काल खबर गर्न आग्रह गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंले बुधबार एक सूचना जारी गरी चाडपर्वलाई अपराधरहित बनाई हर्षोल्लासपूर्वक मनाउन आफ्नो घर र समुदायमा कुनै अवाञ्छित गतिविधि देखिएमा तत्कालै प्रहरी कन्ट्रोल नम्बर १०० मा खबर गर्न सबैलाई आग्रह गरेको हो । परिसरले आफ्नो चिनाजानी भएको स्थानमा मर्यादित एवं सभ्य तवरले देउसीभैलो खेल्न, आफ्नो टोलमा तास, जुवा खेल्ने व्यक्तिहरूबारे प्रहरीलाई समयमै खबर गर्नसमेत आग्रह गरेको छ ।

पटाका तथा झिरझिरे पड्काउने व्यक्तिमाथि मुलुकी अपराध संहिता २०७४ को विष्फोटक पदार्थसम्बन्धी कसुरमा तीन वर्षसम्म कैद र ३० हजार रूपैयाँसम्म जरिवाना हुने भएकाले त्यसो नगर्न भनेको छ । यस्तै, मादकपदार्थ सेवन गरेर सवारीसाधन नचलाउन, सार्वजनिक स्थानमा मद्यपान तथा धूमपान नगर्नसमेत अनुरोध गरेको छ ।

यसैगरी नगद, बहुमूल्य सामान र गरगहना सकेसम्म लकरमा राख्न, विद्युतीय माध्यमबाट मात्र आर्थिक कारोबार गर्न, लागुऔषध, नशालु पदार्थ सेवन, ओसार पसार, सञ्चय तथा बेचबिखन गर्ने व्यक्तिबारे प्रहरीलाई खबर गर्न सबैमा अनुरोध गरेको छ ।

यस्तै, छतमा चढेर यात्रा नगर्न, यात्रा गर्ने क्रममा कुनै पनि अपरिचित व्यक्तिले दिएको खानेकुरा नखान, नचिनेको व्यक्तिले घरको ढोका ढक्ढकाएमा नखोल्न, आफ्नो घर, टोल, छिमेकमा आपत्कालीन साइरन र सिसिटिभी क्यामरा जडान गर्नसमेत सबैलाई आग्रह गरेको छ । प्रहरीले धम्कीपूर्ण फोन आएमा रेकर्ड गर्न मिल्नेसम्म रेकर्ड गरी फोन नम्बरसहित प्रहरीलाई खबर गर्न, लामो समय घरबाहिर जानुपरेमा विश्वासिलो छिमेकी वा नजिकको प्रहरीलाई जानकारी गराउन, तिहार र छठपर्वका लागि गाउँ जान लागेकोलगायत उल्लेख गरी सामाजिक सञ्जालमा पोस्ट नगर्न भनेको छ ।

# प्रविधिमैत्री अभियानमा कामपा–२६
## 'डिजिटल ठेगाना प्रणाली' कार्यान्वयनमा

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिका-२६ ले 'डिजिटल ठेगाना प्रणाली' कार्यान्वयनमा ल्याएको छ । 'नियर फिल्ड कम्युनिकेसन' (एनएफसी) प्रविधिमा आधारित यो प्रणालीको बुधबार शुभारम्भ गरिएको छ । कामपा-२६ ले आफ्नो वडालाई प्रविधिमैत्री बनाउने उद्देश्यले उक्त प्रविधिमा आधारित 'डिजिटल ठेगाना प्रणाली'को शुभारम्भ गरेको उक्त वडाका वडाध्यक्ष ख्यामराज तिवारीले बताए । यो प्रणाली जडान गरेसँगै वडाभित्रका सबै घरको विस्तृत विवरण थाहा पाउन सकिने उनको भनाइ छ ।

वडाध्यक्ष तिवारीले बुधबार लैनचौरस्थित वडा कार्यालयमा डिजिटल नम्बर '०९ लक्षद्रव्य ६१११' कोडसहितको विवरण समावेश गरिएको सूचनापाटी (नम्बरप्लेट) जडान गरे । कामपा-२६ भित्र लैनचौर, गल्कोपाखा, ठमेल, कपुरधारा, सामाखुसी, रानीबारी, नयाँबसपार्कलगायत क्षेत्रहरू पर्दछन् ।

महानगरले विगत दुई दशकदेखि मेट्रिक ठेगाना प्रणाली लागू गरेको भए पनि उक्त प्रणालीलाई रूपान्तरण गर्दै एनएफसी प्रविधिमा आधारित 'डिजिटल ठेगाना प्रणाली' सुरु गरेको हो । उक्त प्रणाली सुरु गर्ने वडा नं २६ पहिलो वडा बनेको छ ।

यस प्रणालीमा पुरानो ठेगाना तथा बाटोको नामलाई यथावत् राखी 'क्युआर कोर्ड' र 'चिप्स'सहितको ठेगाना समावेश गरिएको सूचनापाटी जडान हुने छ । जडान गरिएको सूचनापाटीमा नेपाली स्थानीय 'कोड'सँगै 'युनिभर्सल गुगल प्लसकोड' हुने वडाध्यक्ष तिवारीले जानकारी दिए ।

फोहोर संकलनको जानकारी दिन, कुनै तथ्यांक संकलन गर्न, स्थानीयस्तरबाट कुनै सूचना प्रवाह गर्नुपर्नेलगायत अत्यावश्यक कामका लागि शीघ्र र न्यून लागतमा काम गर्न सकिने वडा कार्यालयले जानकारी दिएको छ । कामपा-२६ का वडासचिव केदार रिमालले उक्त प्रणाली जडान गरेसँगै वडाभित्र विपद् व्यवस्थापन तथा राजस्व संकलन प्रभावकारी गर्न सकिनुका साथै वडास्तरीय योजना तर्जुमा गर्नसमेत सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

## रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

## विद्युतीय माध्यमबाट बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०६/३१**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको प्रविधि मैत्री विद्यालय व्यवस्थापन सामग्रीहरु खरिद तथा आपूर्ति गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनीले बोलपत्र पाइने स्थान, दस्तुर, विडवण्ड पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website:www.rautamaimun.gov.np र सूचना पाटीमा साथै यस सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website:www.ppmo.gov.np मार्फत हेर्न सकिने र बोलपत्र सम्बन्धी कागजात www.bolpatra.gov.np/egp मा राखी यो विद्युतीय माध्यमबाट बोलपत्र आह्वान गरिएको छ ।

**बोलपत्र सम्बन्धी खरिद तथा आपूर्ति कार्यको विवरण**

| सि.नं. | बोलपत्र नं. | कार्यको विवरण | स्वीकृत ल.ई.रकम (भ्याट वाहेक) रु. | धरौटी रकम | खरिद तथा आपूर्ति | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | RRM/NCB/Goods/11/2082-083 | "Procurement, supply & installation of Smart Board, Laptop, printer and Projector (Prawidhi maitri vidhalaya Vyawasthapan)" | 1,28,61,711.82 | 3,73,000.00 | नेपाल गुणस्तर प्रमाण चिन्ह प्राप्त उद्योग/निर्माता वा अधिकृत, बिक्रेता, डिलर/सप्लायर्स | रु.३०००/– |

**प्रमुख प्रशासकीय अधिकृत**

## Chhathar Jorpati Rural Municipality
## Office Of The Rural Municipal Executive
Jorpati, Dhankuta
Koshi Province

## Invitation for Online Bids

**Date of publication: 2082/06/31 (2025/10/17)**

1. The Chhathar Jorpati Rural Municipality Jorpati, Dhankuta invites Online Bids from eligible bidders for the procurement of the following works.

| Contract ID | Description | Estimated Amount (With Vat, PS & Contingency) | Bid Doc. Fee NRs | Bid Security NRs (Including VAT without PS) | Bid Security Validity | Remarks | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 03/CJRMUN/NCB/2082/83 | Sindhuwa Chapari Chowk Yagyadanda Road Blacktop | 1,00,00,000/- | 3,000/- | 2,91,100 /- | 120 Days | NCB | 2082/07/30 (2025/11/16) At 13:00 |

2. Bidder who submits their bid electronically may download the bidding documents from www.bolpatra.gov.np/egp Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as stated above in the following account.
   Name of the Bank : Nabil Bank Ltd. Sindhuwa, Dhankuta.
   Office Account Name and No. : Antarik Rajaswa Khata 20901017500044 Rajaswa (revenue) Shirshak No :14249- अन्य दस्तुर
3. Bid security amount deposited at Name and A/C No. Dharauti Khata 20901017500025 on the behalf of Chhathar Jorpati Rural Municipality at Nabil Bank Ltd. Sindhuwa Branch. Or Bidder who choose to submit their bid security amount as Bid bond, the bid bond should be issued from authorized and recognized commercial bank or financial institution eligible to issue bank guarantee as per prevailing law of Nepal. A scan copy of bid bond is mandatory.
4. Eligible Bidders may obtain further Information from PPMO website: www.bolpatra.gov.np/egp .


**साउदीमा रोजगार** कम्पनी : FORSA ARABIA CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/०३/३२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/३० | LT. No. 327087 | चलानी नं. ६०२४१०३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiters | 5 | 0 | 1200 | ४५,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ७ गते (24th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

World King H.R.International Pvt.ltd.
Dhapasi, Basundhara, Kathmandu, Nepal, Tel. +97701-5925516, 9803672215, 9814089641,9767274204 Email : info@worldkinghrintl.com, www.worldkinghrintl.com
Govt. License 1700/081/82



**साउदीमा रोजगार** कम्पनी : GHEENA CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/११/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०६/३० | LT. No. 318440 | चलानी नं. ६०२३३२९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | road maintenance worker | 2 | 0 | 1000 | ३७,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARABA RICK AUTOMOTIVE SERVICES EST

पूर्व स्वीकृति मिति : २०८२/०६/३० | LT. No. 332451 | चलानी नं. ६०२४६१४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEHICLE CLEANING LABOUR | 2 | 0 | 1000 | ३७,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ७ गते (24th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323,
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS
श्रम ईजाजत नं. ११०८/०७३/०७४

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# कूटनीतिक छवि धुमिल्याउने कदम

**सरकारले ११ देशका राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेर कूटनीतिक छवि बिगार्ने प्रवृत्ति दाहोर्‍याएको छ । यतिमात्र हैन, एकातिर निर्वाचनमा भाग लिन बोलाइरहेको सरकारको यो निर्णयले अर्कोतिर वातावरण बिगार्ने कदम चालेको देखिन्छ । अमेरिका, चीन, बेलायत, इजरायलजस्ता मुलुकमा नेपालको नेतृत्व गरी जाने राजदूत नियुक्ति विवादमुक्त हुन सकेको छैन । कारण, एक त ती मुलुकमा दूतावासमा नेतृत्व गर्न पुग्नेहरू प्रबुद्ध र क्षमतावान् हुनैपर्छ । अर्को कूटनीतिक मामलामा अब्बल ठहरिनुपर्छ ।**

**विभिन्न विवाद, संसदीय समिति झेल्दै ती देशका राजदूत बनेकाहरूलाई सरकारले राजनीतिक दलकै नेतृत्वमा बनेको सरकारलेझैं फिर्ता बोलाएको छ । कुनै पनि देशसँग सम्बन्ध राम्रो बनाउन दूतावासको नेतृत्वसँग लामो समयको अनुभव चाहिन्छ । तर सरकारले राजदूतमा नियुक्त भएकाहरूलाई वर्ष दिन पुग्दै गर्दा फिर्ता बोलाएको छ । यो एक किसिमको हतारो निर्णय हो । प्रतिशोध लिने हिसाबले गरिने कामले खासै राम्रो गर्दैन । एक त चुनावी सरकार, अर्को अमेरिका, चीन, बेलायतजस्ता मुलुकसँग सम्बन्ध सुधार गर्नुपर्ने बेला यस्तो निर्णय गर्नु आवश्यक थिएन ।**

**भ्रष्टाचार र सुशासनको माग गर्दै भएको जेन–जी विद्रोहको बलमा बनेको सरकारको महिना दिन पूरा भएको छ । तर सुशीला कार्की नेतृत्वको मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेको छैन । परराष्ट्रले विभागीय मन्त्री पाउन सकेको छैन । यस्तो अवस्थामा राजदूतलाई फिर्ता बोलाएर सरकारले फितलो कदम चालेको छ । परराष्ट्रले नेतृत्व नपाउँदा श्रम गन्तव्य मुलुकहरूले समेत नेपाललाई भिसा दिन आनाकानी गरिरहेको छ । यता श्रम मन्त्रालयले विभागीय मन्त्री नपाउँदा श्रम गन्तव्य मुलुकसँग सहजीकरण गर्न सकिरहेको छैन ।**

**यस्तो अवस्थामा सरकारले राजदूतबाट सौहर्द्र वातावरण तयार गर्नुपर्ने हो । उनीहरूलाई जाँचिने समय दिनुपर्ने हो । तर भीडलाई मन पराउने खालको लोकप्रियवादी काममा हात हालेको देखिन्छ । राजदूतमा नियुक्त भएकाहरू राजनीतिक नियुक्ति भए पनि कतिपय प्रबुद्ध होलान् । संकटको घडीमा संसदीय सुनुवाइ पार गरेर गएका राजदूतलाई फिर्ता बोलाउन सरकारको सरासर कमजोरी हो । को कस्ता छन्, काम कस्तो छ ? न्यायोचित मूल्यांकन गरेरमात्र सरकारले यस्तो निर्णय लिनुपर्थ्यो ।**

**चुनाव गर्ने म्याण्डेट पाएको सरकारले एक त कूटनीतिक छवि बिगार्नेगरी राजदूत फिर्ता बोलाएको छ भने यसले चुनावसमेत भाँडिन सक्छ । राजनीतिक दललाई विश्वासमा लिनुपर्ने यो अवस्थामा सरकारले एकपछि अर्को गर्दै सरुवा बढुवाको कामसमेत गर्न थालेको छ । यसले कार्की सरकार पनि अघिल्ला सरकारहरूकै बाटोमा अघि बढेको त होइन ? प्रश्न उठेको छ ।**

## श्रम सरोकार

# वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने । नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस् ।

# क्रिकेटमा नयाँ इतिहास



राजु सिलवाल

नेपालले ओमानलाई उनीहरूको गृहमैदानमा सानदार नतिजाले पराजित गरेर सहभागीहरूको अंक तालिकामा आठ अंकसहित शीर्ष स्थानमा पुग्नु नेपालकै ठूलो ऐतिहासिक उपलब्धि मानिएको छ । नेपालले एसिया क्षेत्रीय छनोट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै विश्वकपमा स्थान सुनिश्चित गरेको हो । नेपालले समूह चरणमा लगातार जित दर्ता गर्दै फाइनलमा उत्कृष्ट रनरेटका साथ विश्वकपमा प्रवेश गरेको समाचारले विश्वभरका सञ्चारमाध्यममा स्थान पाएको छ ।

नेपाली राष्ट्रिय क्रिकेट टिमले लगातारको सफलतापछि विश्व क्रिकेट जगतमा अब्बल टिमको रूपमा परिचय दिलाएको छ । मुलुकभित्रको विषम् राजनीतिक परिस्थितिका साथै अन्योलपूर्ण अवस्थामा पनि नेपाली क्रिकेट खेलाडीहरूले निरन्तर विश्वकपमा प्रवेशको सपना देख्नुका साथै यथोचित् संघर्ष गर्दै सफलता हात पारेर मुलुकको शिर उँचो बनाइदिएका छन् । वेस्ट इण्डिजजस्तो टेस्ट प्रतियोगिता खेल्ने मुलुकलाई क्रिकेट शृंखलामै पराजित गरेर उच्च मनोबल बनाउँदै ओमान पुगेको नेपाली टिम आगामी सन् २०२६ मा भारत तथा श्रीलंकामा आयोजना हुने टि-ट्वान्टी विश्वकप क्रिकेट २०२६ का लागि तेस्रोपटक छनोट भएपछि सम्पूर्ण मुलुकवासी गौरवान्वित बन्न पुगेका छन् ।

सन् २०१४ मा पहिलोपटक विश्वकपका लागि छनोट भएको भएको नेपालले १० वर्षपछि सन् २०२४ मा दोस्रोपटक विश्वकप खेलेको थियो । यसपालि लगातार विश्वकपमा सहभागिताका लागि प्रतिस्पर्धा गरिरहेको नेपाल छनोट चरणको दुई खेल सम्पन्न हुनुअघि नै विश्वकपमा प्रवेश गर्न सफल भएको थियो । संयुक्त अरब इमिरेट्स युएईले सामोआलाई ७७ रनले पराजित गरेपछि नेपाल दुई खेलअघि नै विश्वकपमा प्रवेश पाउन सफल भएको हो । त्यसपछि नेपालले ओमानलाई उनीहरूको गृहमैदानमा सानदार नतिजाले पराजित गरेर सहभागीहरूको अंक तालिकामा आठ अंकसहित शीर्ष स्थानमा पुग्नु नेपालकै ठूलो ऐतिहासिक उपलब्धि मानिएको छ । नेपालले एसिया क्षेत्रीय छनोट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै विश्वकपमा स्थान सुनिश्चित गरेको हो । नेपालले समूह चरणमा लगातार जित दर्ता गर्दै फाइनलमा उत्कृष्ट रनरेटका साथ विश्वकपमा प्रवेश गरेको समाचारले विश्वभरका सञ्चारमाध्यममा स्थान पाएको छ ।

### दोस्रोपटक 'प्लेयर अफ दि म्याच'

कुनै पनि खेलमा उत्कृष्ट खेलाडी बन्न त्यति सहज हुँदैन । त्यसमाथि पनि विश्वकप छनोटजस्तो उच्चस्तरको क्रिकेट प्रतिस्पर्धामा दुई पटक 'प्लेयर अफ दि म्याच'को उपाधि जितेर नेपाली ब्याटसम्यान कुशल भुर्तेलले उत्कृष्ट खेलाडीको परिचय बनाएका छन् । विश्वकपको छनोटमा नेपालले खेलेका प्रायः सबै खेलमा ब्याटस्म्यान भुर्तेलले महत्त्वपूर्ण भूमिका निभाउन कुनै कसर बाँकी राखेनन् । नेपालले ओमानलाई ३८ रनले पराजित गर्दै प्रतियोगितामा आफ्नो अपराजित यात्रा कायम राख्दा उनको योगदान चर्चायोग्य रह्यो । बुधबारको खेलमा टस जितेर ब्याटिङ रोज्नु नै नेपालको उपयुक्त निर्णय हुन पुग्यो । विपक्षीलाई दबाबमा दिएर रन बटुल्ने काममा भुर्तेलजस्ता खेलाडीले सफलता हासिल गरे । कुवेतसँगको खेलमा कूल ६६ रन बनाई प्लेयर अफ दि म्याच बनिसकेका भुर्तेलले ओमानसँगको खेलमा ६९ रन बनाएर उत्कृष्ट प्रदर्शन गरेका थिए ।

यस खेलमा बलिङतर्फ नेपालका लागि गुल्सन झाले तीन विकेट लिएर ओमानलाई दबाब राख्न सफलता प्राप्त गरेका थिए । समग्रमा नेपालको ब्याटिङ, बलिङ र फिल्डिङ तीनै पक्षको समयोचित संयोजनले विजयोन्मुख गराएको थियो । सुपर सिक्स चरणको खेल सम्पन्न हुनु अगाडि नै नेपाल र ओमानले विश्वकपका लागि आफ्नो स्थान सुरक्षित गरेका थिए । अघिल्ला तीनवटै खेलमा लगातार विजय हासिल गरेका नेपाल र ओमानको समान अंक भए पनि नेट रन रेटको आधारमा अग्रस्थानमा रहेको ओमानलाई नेपालले घरेलु मैदानमै पराजित गरेपछि ओमानी खेलप्रेमीहरूले विश्वकप प्रवेशको खुसीयाली पनि उत्साहका साथ मनाउन सकेनन् ।

### सन्दीपको सफलता

केही साताअघि नेपाल र वेस्ट इण्डिजबीच भएको क्रिकेट शृंखलामा खेल्न सारजहामा पुगे पनि नेपाल क्रिकेट संघद्वारा निलम्बनमा परेर खेल्न नपाएका लेग स्पिनर सन्दीप लामिछानेले विश्वकप छनोटको सिलसिलामा विभिन्न खेलमा विकेट त लिए । तर कतारलाई पराजित गर्दा लामिछाने एक्लैले लिएको पाँच विकेट प्रशंसायोग्य मानिएको छ । कतारविरुद्धको खेलमा नेपालले कतारलाई पाँच रनले पराजित गरेको थियो । हारको नजिक पुगिसकेको सो खेलको नतिजा अन्तिम ओभरमा आफ्नो पक्षमा ल्याउन सफल लामिछाने 'प्लेयर अफ दि म्याच' बन्न सफल भएका थिए । उनले यसअघि पनि एउटै खेलमा पाँच विकेट लिइसकेका छन् । नेपाली खेलाडीहरूमध्ये सबैभन्दा बढी अन्तर्राष्ट्रिय अनुभव बटुल्न सफल लामिछानेको अन्तर्राष्ट्रिय विकेट संख्या २५५ पुगिसकेको छ । कतारविरुद्ध कप्तान रोहित पौडेलले अर्धशतकको योगदान गरेका थिए ।

### पीडा बिर्साउने दिपेन्द्र

नेपालले विगतको पीडा भुल्ने मौकासमेत ओमानमा पाएको थियो । विश्वकप छनोट चरणको क्रममा नेपालले झिनो रनको सहायताले विपक्षीलाई पराजित गर्दै विगतको नतिजालाई बिर्सिन खोज्यो । सन् २०२४ को विश्वकपको सिलसिलामा नेपाल दक्षिण अफ्रिकासँग एक रनको अन्तरले पराजित भएको थियो । यसपालि नेपालले संयुक्त अरब इमिरेटस (युएई)लाई एक रनले पराजित गर्दै विगतको पीडा बिर्सायो । यसरी झिनो अन्तरले पराजित गर्दै पीडा भुलाउने खेलाडी थिए दिपेन्द्रसिंह ऐरी । यसपालि सबैजसो खेलमा उनको भूमिका सन्तोषजनक मानिएको थियो । युएईविरुद्धको खेलमा उनको बलिङ होस् वा फिल्डिङ उत्कृष्ट रहेको थियो । उनले चार ओभरमा २२ रन दिँदै तीन विकेट लिएका थिए भने एउटा रन आउटसमेत गरेका थिए ।

नेपाललाई उक्त खेलमा विजयी बनाउन प्रभावकारी भूमिका निभाएबापत उक्त खेलमा उनी प्लेयर अफ दि म्याच बन्न सफल भएका थिए । उनले तीन विकेट लिएका थिए । अन्तिम ओभरमा उनको बलिङ सानदार देखिन्थ्यो । तीन बलमा तीन रन आवश्यक भएको परिस्थितिमा तीनै बलमा विकेट लिएर उनले आफ्नो टिमलाई विजयोन्मुख गराउन पुगे । सो खेलमा आशिफ शेखले अर्धशतक बनाएका थिए । युएईले जित्ने आकलन गरेको खेलमा पनि पराजय भोग्नु परेको थियो ।

### २५ वर्षपछि भेट

विश्वकप छनोटका सिलसिलामा नेपाल र जापानबीच धेरै वर्षपछि भेट भएको छ । विगतमा दुई मुलुकबीच एसियन क्रिकेट काउन्सिल (एसिसी) अन्तर्गत प्रतिस्पर्धा हुने गरेको थियो भने हाल जापान पूर्वी एसिया प्रसान्त क्षेत्रअन्तर्गत प्रतिस्पर्धा गर्ने गरेकाले विश्वकप छनोटले दुई देशका टिमलाई २५ वर्षपछि प्रतिस्पर्धा गर्ने अवसर जुटाइदिएको थियो । नेपालले जापानलाई पाँच विकेटले पराजित गरी सुपर सिक्समा प्रवेश गरेको थियो ।

### कप्तानको अनुभूति

सन् २०१४ मा नेपाल पहिलोपटक विश्वकपमा प्रवेश गर्दा नेपाली राष्ट्रिय टिमका कप्तान पारस खडका थिए । उनी हाल नेपाल क्रिकेट संघ (क्यान)को सचिवको भूमिकामा रहेका छन् । नेपाल तेस्रो विश्वकपतर्फ अगाडि बढेपछि उनले सामाजिक सञ्जाल फेसबुकमार्फत क्रिकेट संघ सम्बन्धित सबैलाई बधाइ दिएका छन् । उनले अब नेपाललाई इण्टरनेसनल क्रिकेट काउन्सिल (आइसिसी)को पूर्णसदस्य राष्ट्र बनाउने चाहना स्पष्ट पारेका छन् । विश्वकप क्रिकेट छनोटका सिलसिलामा टिम व्यवस्थापनदेखि मैदानमासमेत सक्रिय भूमिका निभाइरहेका २२ वर्षीय रोहित पौडेल पनि आफ्नो नेतृत्वको टिम विश्वकपमा प्रवेशपछि बधाइ थाप्न र समर्थकलाई बधाइ दिने काममा व्यस्त रहेका छन् । विश्वकप छनोटको तयारीको अवस्थामै उनले १२ कक्षाको परीक्षा उत्तीर्ण गरेका थिए । उनले समर्पण, विश्वास र एकताबाट फेरि विश्वकपमा जाने सपना वास्तविकतामा परिणत भएको धारणा फेसबुकमार्फत व्यक्त गरेका छन् ।

### महिला पनि सँगसँगै

पुरुष क्रिकेट टिमले विश्वकपमा छनोट हुनका लागि दाबेदारी प्रस्तुत गरिरहँदा नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीले पनि आफ्नो टिम सशक्त भएको उदाहरण प्रस्तुत गर्नु अर्को गर्वको प्रसंग मानिएको छ । नेपाली महिला क्रिकेट टोलीले पछिल्लोपटक टी-२० अन्तर्राष्ट्रिय शृंखलामा मलेसियालाई उनीहरूकै घरेलु मैदानमा पराजित गरेर उपाधि जित्न सफल भएको थियो ।

क्वालालम्पुरमा भएको उक्त प्रतियोगितामा सञ्चालन गरिएको पाँच खेलमध्ये नेपालले तीन खेल जितेर उपाधि आफ्नो कब्जामा लिन सफल भएको हो । नेपालमा सन् २००० मै महिला क्रिकेटको सुरुआत भएको थियो । नेपाल क्रिकेट संघले सन् २००५ मा पहिलोपटक महिला घरेलु क्रिकेट प्रतियोगिताको आयोजना गरेको थियो । क्यानले नेपाली महिला राष्ट्रिय क्रिकेट टिमको निर्माण सन् २००७ मा गरेर अन्तर्राष्ट्रिय सहभागिता प्रारम्भ गरेको थियो ।

नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा नेपालको प्रतिनिधित्व गर्दै आइरहेको छ । महिला टोलीले सन् २००७ को जुलाईमा एसिसी महिला क्रिकेट प्रतियोगिताबाट अन्तर्राष्ट्रिय डेब्यु गरेर अहिले टी-२० इण्टरनेसनलको विश्व वरीयताक्रममा २१औं स्थानमा पुगिसकेको छ । नेपालले सन् २००७ मा थाइल्याण्डविरुद्ध अन्तर्राष्ट्रिय प्रतियोगितामा डेब्यु गरेको थियो । नेपाली महिला टोली पहिलोपटक टी-२० इण्टर नेसनल क्रिकेट भने सन् २०१९ को जनवरी १२ तारिखका दिन चीनसँग खेलेको थियो । यसअघि नेपाली महिला टोलीले २०१२ मै पहिलोपटक महिला टी-२० एसिया कपमा भाग लिएको थियो । नेपाली टोली सन् २०१६ महिला एसिया कपका लागि पनि छनोट भएको थियो । नेपालको जुनियर महिला टोलीले आइसिसी महिला यू-१९ विश्वकप एसियाली छनोट, सन् २०२२ मा तेस्रो स्थान हासिल गरेको थियो । नेपालले २०२७ मा आइसिसी यू-१९ महिला विश्वकप आयोजना गर्ने तयारी गरेको छ । उक्त आयोजना महिला क्रिकेटको विकासका लागि कोशेढुंगा सावित हुने अपेक्षा गरिएको छ ।

### सरकारको सम्मान

खेलकुदको माध्यमबाट अन्तर्राष्ट्रिय कूटनीतिक सम्बन्ध विस्तारमा महत्त्वपूर्ण भूमिका खेलेका नेपाली क्रिकेट खेलाडीहरूको सम्मानमा नेपाल सरकारले हुलाक टिकट प्रकाशन गर्नु गौरवको विषय मानिएको छ । नेपालमा विगतमा खेलकुदसम्बन्धी विभिन्न हुलाक टिकट प्रकाशन गरिए पनि पहिलोपटक क्रिकेट खेलका पुरुष तथा महिला खेलाडीका बेग्लाबेग्लै हुलाक टिकट प्रकाशन गरिनु सानो सम्मान होइन । हुलाक सेवा विभागले आइसिसी पुरुष विश्वकप तथा आइसिसी महिला यु-१९ विश्वकपमा भाग लिएका खेलाडीहरूको तस्बिर अंकित हुलाक टिकटमा प्रकाशनको पहिलो टाँचा लगाउने कार्यको प्रारम्भ गरेको थियो ।

पुरुष तथा महिला क्रिकेट खेलाडीका बेग्लाबेग्लै दुई प्रकारका हुलाक टिकट पाँच लाख प्रति प्रकाशन गरिएको छ । विश्वकपमा प्रवेश गरिसकेपछि अब टिम स्वदेश फर्कंदा नेपाली खेलाडीहरूको उचित सम्मान गर्न सम्बन्धित निकायले तयार गर्ने नै छ । विजयी खेलाडीका लागि सरकारले घोषणा गरेको आर्थिक पुरस्कार यथाशीघ्र प्रदान गर्न पनि सरकारले प्राथमिकता दिनुपर्दछ । मुख्यतः खेलाडीले खेलेरै बाँच्न सक्ने अवस्थाको सिर्जना गरी रोजगारका लागि विदेसिने क्रमको अन्त्य गर्न सरकारको सक्रियता अति महत्त्वपूर्ण मानिएको छ ।

नेपालले तेस्रोपटक टी-२० विश्वकपमा प्रवेश गर्नु क्रिकेट खेलाडीहरूको मात्र सफलता नभएर सम्पूर्ण नेपालकै लागि गर्वको क्षण मानिएको छ । खेलाडीहरूको लगातार कठिन परिश्रम, संघर्ष तथा राष्ट्रप्रेमको परिणामस्वरूप नेपाली क्रिकेटले अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो पहिचान थप बलियो बनाउन सफल भएको छ । यो उपलब्धि केवल खेलाडीहरूको मात्र नभई सम्पूर्ण नेपाली जनताहरूको हो । यस ऐतिहासिक उपलब्धिले नेपाली खेलाडीहरूलाई आगामी दिनका कठिन चुनौतीहरूलाई सामना गर्न संयम र सक्षम बनाउने छ । नेपालले अब विश्व क्रिकेटमा आफ्नो सम्मान र पहिचान कायम गर्दै नयाँ अध्याय लेख्ने विश्वासमा समस्त देशवासीहरू आशावादी रहेका छन् । *रासस*

## पाठक मञ्च

# जेन-जी २.० : सबै पुस्ताको सहभागितासहितको राष्ट्रिय अभियान

भ्रष्टाचार, कूशासन, नेतातन्त्र र प्रशासनिक स्वार्थकाविरुद्ध देशभर विगत केही वर्षयता उठिरहेका साना-ठूला आन्दोलनहरूबीच अब एउटा नयाँ र फरक लहर देखिएको छ, जेन-जी २.० : सबै पुस्ताको राष्ट्रिय अभियान । भदौ २३ गते सुरु भएको प्रारम्भिक जेन-जी आन्दोलनले भ्रष्टाचार र असमानताविरुद्धको स्वर बुलन्द गरेपछि देशभर नयाँ राजनीतिक चेतना जगाएको थियो । तर त्यसपछि आन्दोलन केवल एक पुस्तामा सीमित रह्यो भन्ने आलोचना चल्यो । यही कमजोरीलाई सम्बोधन गर्न, सबै पुस्ता, पेसा र विचारका प्रतिनिधिहरूलाई एउटै मञ्चमा ल्याउने उद्देश्यले 'जेन-जी २.०' अभियान सुरु गरिएको हो ।

### एक पुस्ताको आन्दोलनदेखि सबै पुस्ताको एकतासम्म

जेन-जी आन्दोलनका घाइतेहरूको उमेर १४ वर्षदेखि ७१ वर्षसम्म र सहिदहरूको उमेर १६ देखि ६५ वर्षसम्म रहेको तथ्यले स्पष्ट गर्छ- यो आन्दोलन केवल युवाको होइन, सबै पुस्ताको साझा पीडा र सपना हो । त्यसैले अहिलेको जेन-जी २.० ले आफूलाई 'एक पुस्ताको आन्दोलन' होइन, 'सबै पुस्ताको राष्ट्रिय अभियान' को रूपमा परिभाषित गरेको छ ।

चार दिनसम्म चलेको राष्ट्रिय भेलामा सहिद परिवार, घाइते योद्धा, सामाजिक अभियन्ता, युवा प्रतिनिधि, महिला, विभिन्न राजनीतिक दलका कार्यकर्ता र व्यावसायिक क्षेत्रका विशेषज्ञहरूको उपस्थितिले अभियानलाई समावेशी स्वरूप दिएको छ ।

### भिन्नताः नारा होइन, जिम्मेवारीको आन्दोलन

अन्य समूहहरू जहाँ 'जेन-जी मन्त्रालय'को माग गर्दै सीमित छन्, जेन-जी २.० ले त्यसभन्दा फरक बाटो रोजेको छ । यस अभियानले प्रधानमन्त्री कार्यालय, राष्ट्रपतिको कार्यालय, स्थानीय तह र प्रभावित क्षेत्रहरूमा पुगेर राहत, पुनर्निर्माण र सुशासनका सवालमा प्रत्यक्ष संवाद थालेको छ । अभियानका संरक्षक तथा परिकल्पनाकार डा. हरि कार्की भन्छन्, 'यो सरकार हाम्रो हो । यसलाई सुधार्नु, जोगाउनु र जनताको आवाजसम्म पुर्‍याउनु हाम्रो जिम्मेवारी हो । जेन-जी आन्दोलनका मागहरू सम्बोधन गर्न हामी नै दबाब दिनेछौं, तर हिंसाको होइन, जिम्मेवारीको बाटोबाट ।'

### राष्ट्रिय भावना र जनसहभागितामा जोड

जेन-जी २.० ले आन्दोलनका सहिद र घाइतेहरूलाई सम्मानपूर्वक स्मरण गर्दै 'जेन-जी चोक' र 'सहिद चोक' स्थापनाको अभियान सुरु गरेको छ । यसले 'नेपाल ओपन क्याम्पेनिङ' मार्फत पर्यटन क्षेत्र पुनर्जीवनमा पनि जोड दिएको छ- ताकि अर्थतन्त्रको ठूलो हिस्सा बनेको पर्यटन पुनः सक्रिय बनोस् । अभियानका अभियन्ताहरूका अनुसार, 'हामी मन्त्रालयका कुर्सी होइन, मन जित्ने यात्रा सुरु गरेका छौं ।' यस सन्देशले जनतामा सकारात्मक धारणा बढाएको छ ।

### सबै पेसा, सबै विचारका प्रतिनिधि एउटै लक्ष्यमा

राष्ट्रिय भेलापछि गठित प्रारम्भिक समितिले एक साताभित्र देशव्यापी संगठन विस्तार सुरु गर्ने निर्णय गरेको छ । अभियानले सबै जिल्लामा फारम संकलन, प्रतिनिधिहरूको बायोडाटा संकलन र विशेषज्ञ टोली निर्माणको काम अघि बढाएको छ ।

### अभियानका मुख्य उद्देश्यहरू

आन्दोलनका उपलब्धिहरूको संरक्षण, राष्ट्रिय एकताको सुदृढीकरण, सुशासन र पारदर्शी नेतृत्वको प्रवर्द्धन र आत्मनिर्भर नेपाल निर्माणमा युवा-वरिष्ठ सबै पुस्ताको सहकार्य ।

### यसकारण चर्चामा 'जेन-जी २.०'

१. समावेशी दृष्टिकोणः अन्य समूहहरूले केवल मन्त्रालय मागेका बेला, यो टोलीले सबै पुस्ता र आन्दोलनलाई एउटै मञ्चमा ल्यायो ।
२. व्यावहारिक गतिविधिः राहत, संवाद र संगठन विस्तारमार्फत स्थलगत काम गरिरहेको छ ।
३. अर्थतन्त्रमा जोडः 'नेपाल ओपन' अभियानमार्फत पर्यटन पुनर्जीवनलाई राष्ट्रिय प्राथमिकता बनाएको छ ।
४. राष्ट्रिय सन्देशः 'हामी सबै नेपाली एक हौं' भन्ने भाव विश्वमा पुर्‍याउने उद्देश्य लिएको छ ।
५. नेतृत्वको स्पष्टताः डा. हरि कार्कीको परिकल्पनामा आधारित यो अभियान योजनाबद्ध ढंगले अगाडि बढिरहेको छ ।

निष्कर्षः आन्दोलनभन्दा माथिको विचार

जेन-जी २.० अब केवल आन्दोलन होइन, एउटा विचार र राष्ट्रिय मनोभाव बनिसकेको छ । यो अभियानले देशभित्र आशाको किरण जगाएको छ । जहाँ युवाको ऊर्जा, मध्यपुस्ताको अनुभव र वरिष्ठ पुस्ताको मार्गदर्शन एकैसाथ प्रयोग हुँदै छ । देश निर्माण र पुनरुत्थानको यात्रामा यो अभियानले दिएको सन्देश सरल तर गहिरो छ- जेन-जी २.० : देश एक, पुस्ता सबै ।

-**अन्नपूर्ण केसी**, काठमाडौं

विकासे योजनामा बेथिति

# करोडौं खर्चेर बनाइएको पुलमा चल्न पाएनन् ठूला सवारी

■ दामोदर खनाल

**बुटवल–** विकास निर्माणमा तालमेल नमिल्दा करोडौं रूपैयाँ खर्च गरेर निर्माण भएको पक्की पुलमा सवारीसाधन सञ्चालन हुन सकेको छैन । पक्की पुल निर्माण भए पनि विभिन्न पालिकाका लक्षित समुदायले सेवा पाउन सकेका छैनन् ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागअन्तर्गतको पुल माहाशाखा, पुल सेक्टर, नेपालगञ्जले रूपन्देहीको तिलोत्तमा नगरपालिकाको डिंगरनगरमा बनाएको तिनाउ नदी पुल निर्माण सम्पन्न भएको लामो समय हुँदा पनि ठूला सवारीसाधन सञ्चालन हुन सकेको छैन । पुलमाथि नजिकै हाइटेन्सन लाइन रहेकोले सवारीसाधन आवतजावतमा रोक लगाइएको छ ।

तिलोत्तमा नगरपालिका-४ का वडाध्यक्ष हरिबहादुर क्षेत्रीले पुलबाट सवारी सञ्चालनका लागि पटक-पटक सरोकारवाला निकायमा पहल गर्दा पनि सवारीसाधन चल्न नसकेकोमा चिन्ता व्यक्त गरे । 'हाइटेन्सन लाइन व्यवस्थित गरी छिटो ठूला सवारीसाधन सञ्चालनका लागि वातावरण बनाइदिन विभिन्न ठाउँमा पत्राचार गरेका छौं । ठूलो बजेट खर्च गरेर बनाउने योजनाहरूमा प्राविधिकहरूले काम सुरु गर्नु अगाडि नै यस्तो समस्यामा ध्यान दिनुपर्थ्यो,' उनले भने ।



स्थानीयहरू पुलमाथि हाइटेन्सन लाइन रहेकोले पुल निर्माण भएको छ महिना बित्दा पनि बस, ट्रकलगायतका ठूला सवारीसाधन चल्न समस्या भएको बताउँछन् । स्कुटरमा सवार स्थानीय मीना पौडेलले विद्युत् प्राधिकरण र सडक विभागले मिलेर छिटो ठूला सवारीसाधन चल्ने वातावरण बनाउनुपर्नेमा जोड दिइन् ।

निर्माण कम्पनी सगुन कन्ट्रक्सन एण्ड इञ्जिनियरिङ प्रालिले तिनाउ पुलमा सूचना बोर्ड राखेर डिंगरनगरको पहुँच सडकमाथि रहेको १३२ केभी हाइटेन्सन लाइनको उचाइ सडक सतहबाट कम्तीमा १३ मिटरभन्दा बढी हुनुपर्नेमा हाल सरदर उचाइ साढे चार मिटरमात्र रहेकोले पानी परेका बेला तारभन्दा एक मिटर तलसम्म करेन्ट आउने भएकोले सुरक्षाको दृष्टिकोणले यो पुलको प्रयोग नगर्न भनेको छ ।

यो पुल निर्माणमा करिब २० करोड रूपैयाँ खर्च भएको बताइएको छ । यसरी करोडौं रकम खर्च गरेर बनाइएको २०० मिटर लामो पुलमा ठूला सवारीसाधन सञ्चालन हुन नसक्नु विडम्बना भएको सरोकारवाला बताउँछन् ।

# बाढीप्रभावित समुदायका लागि सुरक्षित आवास

**कञ्चनपुर (प्रस)–** यहाँको लालझाडी गाउँपालिका-२ कञ्जमा बाढीप्रभावित समुदायका लागि सुरक्षित आवास (सेफ हाउस) निर्माण गरिने भएको छ । गाउँपालिका र 'पेसवान' नामक गैरसरकारी संस्थाको संयुक्त लगानीमा सुरक्षित आवास निर्माण सुरु गरिएको हो ।

गाउँपालिकाका अध्यक्ष निर्मल रानाका अनुसार ५९ लाख रूपैयाँमा ठेक्का प्रक्रियामार्फत सुरक्षित आवास भवन निर्माण सुरु गरिएको छ । 'समुदायका लागि जलवायु उत्थानशील कार्यक्रमअन्तर्गत निर्माण भइरहेको सुरक्षित आवासका लागि गाउँपालिकाले पाँच लाख रूपैयाँ लगानी गरेको छ,' अध्यक्ष रानाले भने, 'बाँकी रकम संस्थाले व्यहोरेको छ ।'

दोदा नदीको बाढीप्रभावित बासिन्दालाई सुरक्षित आवासमा खाद्यान्न तथा अतिआवश्यक सामग्री भण्डारण गर्ने, बालबालिका, वृद्ध, अशक्त, अपांगता भएका व्यक्ति र महिलालाई सुरक्षित बसोबास गर्न सहज होस् भन्ने उद्देश्यले आवास निर्माण गरिएको पेसवानका प्राविधिक जनक लेखकले बताए । उनका अनुसार सो भवनमा सामुदायिक विपद् व्यवस्थापन समितिले छलफल, बैठक तथा तालिमका कार्यक्रम सञ्चालन गर्न पनि सहज हुने छ ।

यसैगरी, पुनर्वास नगरपालिका-५ रातोताल सिम्रीमा पनि पालिकासँगको सहकार्यमा ४६ लाख रूपैयाँ लागतमा अर्को दुईतले सुरक्षित आवास निर्माण अगाडि बढाइएको छ ।

राप्ती प्रादेशिक अस्पताल

# नाम प्रादेशिक, सेवा थपिएन

■ दीपक बोहरा

**तुलसीपुर (दाङ)–** तुलसीपुरस्थित तत्कालीन राप्ती अञ्चल अस्पताललाई २०७५ साल पुसमा प्रादेशिक अस्पताल बनाइएको हो । तत्कालीन अञ्चल अस्पताललाई प्रदेशस्तरको अस्पताल बनाएपछि सेवा थप हुने अपेक्षा गरिए पनि त्यो हुन सकेको छैन । अहिले पनि ५० शयचाको अनुमतिमा अस्पताल सञ्चालन भइरहेको छ ।




अस्पतालले ५० शयचाको अनुमति पाए पनि हाल बिरामीको चापअनुसार १४१ शयचा सञ्चालनमा ल्याइएको छ । अस्पताल विकास समितिले निर्णय गरेर सोहीबराबरका शयचा थप गरी सेवा प्रदान गरिएको समितिका अध्यक्ष पदमप्रसाद न्यौपानेले बताए । '६०० शयचाको अस्पतालको गुरुयोजना बन्यो । २०० शयचाको जनशक्ति पठाउने भनी संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) सर्भेको काम पनि अघि बढ्यो,' उनले भने, 'कुनै योजनाले पूर्णता पाउन सकेको छैन ।'

हाल दाङमात्र होइन, सल्यान, रुकुम, जाजरकोट, रोल्पालगायत जिल्लाबाट बिरामी उपचारका लागि यहाँ आउने गरेका अध्यक्ष न्यौपानेले जानकारी दिए । उनका अनुसार यसरी बाहिरी जिल्लाका बिरामी आउन थालेपछि २०७६ सालमा संघीय सरकारले २०० शयचाको अस्पतालको पत्रसमेत दिएको हो ।

'सोहीअनुरूप एक शयचाबराबर पाँच लाख रूपैयाँसम्म अनुदान दिने भन्ने पनि थियो । तर, अहिलेसम्म सोअनुसार कुनै अनुदान पनि आएको छैन,' अध्यक्ष न्यौपानेले भने, 'हाल अस्पतालबाट बिरामी रेफर गर्ने गरेको भनी गुनासो पनि बढ्ने गरेको छ । आकस्मिक उपचार कक्ष (आइसियू) सञ्चालन हुनसकेको छैन । जनशक्ति पनि अभाव हुँदा रेफर गर्नुपर्ने बाध्यता छ ।'

अस्पतालको छ बिघाभन्दा बढी जग्गा अतिक्रमणमा परेको अध्यक्ष न्यौपानेले बताए । उक्त जग्गा फिर्ता ल्याउनका लागि पनि जिल्ला प्रशासन, स्थानीय सरकारलगायत सरोकार भएका सबैलाई पत्र पठाइएको जनाउँदै उनले त्यसको कुनै उपलब्धि नभएको गुनासो गरे ।

बिरामीको पनि घुइँचो बढ्न थालेको बताउँदै अध्यक्ष न्यौपानेले टिकट काउन्टर पाँच वटा र बिल काउन्टर दुई वटा सञ्चालनमा ल्याइएको जानकारी दिए । 'अस्पालमा जडान गरिएको टोकन प्रणाली पनि प्रयोगमा छैन । जसले गर्दा भीडभाड हुने गरेको छ,' उनले भने ।

अस्पतालमा सीमित स्रोतसाधन र जनशक्ति हुँदा सेवा प्रवाहमा केही समस्या भएको कुरा सेवाग्राहीलाई बुझाउन नसक्दा अस्पतालप्रति गुनासो बढेको निमित्त मेडिकल सुपरिटेण्डेन्ट डा. पदमराज अधिकारीले बताए । 'सेवा थप गर्नेभन्दा पनि भएका सेवा कसरी सञ्चालन गर्ने भन्ने चिन्ता हुन थालेको छ,' उनले भने, 'भएका सेवालाई गुण्स्तरीय र प्रभावकारी बनाउनु चुनौतीपूर्ण छ ।'

अस्पताल प्रादेशिक भए पनि अहिले पनि तत्कालीन अञ्चलको अवस्थाको सेवा सुविधामात्र दिन सकिएको डा. अधिकारीले उल्लेख गरे । अहिले डायलायसिस र एनआइसियू सेवा भने विस्तार गरिएको उनले बताए । 'अस्पतालको कुनै कार्यक्रम थपिएको छैन,' उनले भने, 'तर हामीले आफ्नो दायित्वअन्तर्गत डायलायसिस र एनआइसियू सेवा विस्तार गरेका छौं ।'

हाल अस्पतालबाट पाँचदेखि सात प्रतिशतमात्रै बिरामीलाई रेफर गर्ने गरिएको डा. अधिकारीले जानकारी दिए । दुर्घटनासम्बन्धी घटना र केही बिरामीको मागअनुसार रेफर गर्ने गरिएको उनको भनाइ छ । चिकित्सकहरू आफ्नो कार्यसमयमा नबस्ने गरेको गुनासो आइरहेको भन्दै यसमा चिकित्सक स्वयं गम्भीर बन्नुपर्नेमा उनले जोड दिए । साथै उनले अस्पतालका 'सटर'हरूको बोलपत्र प्रक्रिया अघि बढाइएको र भवन डिभिजन कार्यालयबाट पनि प्रतिवेदन आइसकेको बताए ।

चिकित्सकहरू नियमित डच्युटीमा नबस्दा बढी गुनासो आउने गरेको तुलसीपुर उपमहानगरपालिकाका प्रमुख टीकाराम खड्काले बताए । 'चिकित्सक अस्पतालमा नभेटिने, बिरामीको रिपोर्ट नहेर्ने, हेरे पनि दुई-तीन घण्टा लगाइदिने गुनासोले आक्रोश बढेको छ, यो समस्या सुधार नभएसम्म यस्ता गुनासा आइरहन्छन्,' उनले भने । चिकित्कसहरू दिउँसो १:०० नबज्दै निजी अस्पतालमा जाने गर्नाले सेवाग्राहीमा वितृष्ण बढ्ने गरेको उनको भनाइ छ ।

अस्पतालको स्तरवृद्धि गर्नतर्फ आफू सक्रिय रहेको भए पनि सोअनुसार कार्यान्वयन हुन नसक्दा सेवा प्रवाहमा केही समस्या आइरहेको उपमहानगरप्रमुख खड्काले बताए । 'अस्पतालले सामग्री खरिद गर्ने तर प्रयोगमा नल्याउने गर्नाले पनि सेवा प्रवाहमा समस्या हुने गरेको छ,' उनले भने । *रासस*

## जिरी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
जिरी, दोलखा
बागमती, प्रदेश

**बोलपत्र आह्वानको सूचना !**

*प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०६/३१ गते*

यस कार्यालयअर्न्तात तपसिलमा उल्लेखित निर्माण कार्यको बोलपत्र आह्वान गर्नुपर्ने भएकोले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract No. | Description of work | Estimated Amount Including (Vat+P.S) | Bid Security | Cost of Bidding Document |
|---|---|---|---|---|---|
| 1. | JIRIMUN/ROAD/ 2082/083/NCB04 | Upgrading of Raatmate jamdak kitikhasha Road at Jiri-04 | 2437180.32 | 60,000.00 | 3000.00 |

**Chief Administrative Officer**

## Khijidemba Rural Municipality

**Office of Rural Municipal Executive**
**Khijifalate, Okhaldhunga**
**Koshi province, Nepal**

### Invitation for Bids

**Date of First Publication: 2082/06/31**

1. Khijidemba Rural Municipality, Okhaldhunga invites Open Competitive Bidding from the eligible bidders for the works given in table below under National Competitive Bidding Procedures .

| S. N. | Contract Identification Number/Work Description | Estimated amount with VAT& PS (NRs) | Bid Validity Period | Bid Security amount (NRs) | Cost of bid Document NRs. (non-refundable) |
|---|---|---|---|---|---|
| 1 | KDRM/OKH/NCB/WORKS/03/2082/083 Sajhabari Chandithan Chuli Mahabhir Molung Ga.pa. jodne sadak staronnati. | Rs 14973203.49 | 90 days from the date of bid opening. | 373000 | 3000.00 |
| 2 | KDRM/OKH/NCB/WORKS/04/2082/ 083 Dharapani Taur Chhermading Tuksindok Jhapre sadak staronnati. | Rs 8987619.37 | 90 days from the date of bid opening. | 225000 | 3000.00 |

2. Eligible Bidders may obtain further information or may visit PPMO e-GP System **www.bolpatra.gov.np/egp.**
3. Bidders who choose to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website **www.bolpatra.gov.np/egp**. Bidders, submitting their bid, should deposit the cost of bidding document; mentioned in table above in the Rajaswa (revenue) account as specified below sand the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank: (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly).

   **Name of Bank : Nepal Investment Mega Bank Limited, Khijifalate Branch, Okhaldhunga**
   **Name of Office : Khijidemba Rural Municipality Khijifalate, Okhaldhunga**
   **Office Account No. : 17801400000116**
4. Account Number for Bid Security Deposit: **Nepal Investment Mega Bank Limited, Khijifalate Branch, Okhaldhunga** Account Number: **17801400000048**, Name of Office:- **Khijidemba Rural Municipality Khijifalate, Okhaldhunga** Or Bank Guarantee Issued by Commercial Bank in the Name of Khijidemba Rural Municipality, Office of Rural Municipal Executive Khijifalate, Okhaldhunga (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly).
5. Electronics bids must be submitted to Khijidemba Rural Municipality Office Khijifalate, Okhaldhunga before **12:00 Noon** on **2082/07/30**.

6/ Bids will be opened in the presence of Bidders' representatives who choose to attend on **2082/07/30 at 1:00 PM** at Khijidemba Rural Municipality Office Khijifalate, Okhaldhunga. Bids must be valid for a period of 90 day after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid.

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
9. Matters not covered in this tender notice shall be in accordance with public procurement act 2063 and public procurement regulations 2064 and other prevailing rules and regulations of Nepal.
10. Any Amendment on this notice shall be posted on office information board followed by notice on office website www.khijidembamun.gov.np.

Chief Administrative Officer
**Khijidemba Rural Municipality**

## तामाकोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/०६/३१ गते**

यस कार्यालयको तपसिल बमोजिमको निर्माण कार्य गर्न ईच्छुक ईजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले चालु आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अन्तर्गत रितपूर्वक सार्वजनिक खरिद अनुगमन कार्यालयको EGP Portal **www.bolpatra.gov.np** मार्फत बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

(१) बोलपत्र सम्बन्धी अन्य शर्तहरू र विस्तृत सूचना **www.tamakoshimun.gov.np** मा हेर्न सकिनेछ ।
(२) बोलपत्र फारम दाखिला अवधि सूचना प्रकाशन मितिले ३१ औं दिन दिनको १२:०० बजेभित्र र बोलपत्र खोल्ने सोही दिनको २:०० बजे हुनेछ ।
(३) अन्य कार्यविधि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

**तपशिल:**

| सि.नं. | ठे.नं. | कामको विवरण | ल.ई. (भ्याट PS सहित) | जमानत रू. | बोलपत्र दस्तुर रू. |
|---|---|---|---|---|---|
| 1 | (08/TRM/NCB/ Works/R/2082-083) | Upgrading Works of Bairetar Bansbote Ward Office Jamune Road. | 53,56,464.04 | 1,37,500 | 3,000/- |
| 2 | (09/TRM/NCB/ Works/G/2082-083) | Remaining Construction of Chhaude Khel Maiden. | 24,35,953.79 | 62,500 | 3,000/- |
| 3 | (10/TRM/NCB/ Works/R/2082-083) | Upgrading Works of Khori Aandheri Maidan Basti Kagate Thamdeurali Patale Basti Road. | 24,35,846.45 | 62,500 | 3,000/- |
| 4 | (11/TRM/NCB/ Works/R/2082-083) | Upgrading Works of Dolakha Jilla Tamakoshi Gaupalika Ward Number 2 Khori Aandheri Maidan Basti Kagate Thamdeurali Patale Basti Road. | 24,35,504.24 | 62,500 | 3,000/- |

**प्रमुख प्रशासकीय अधिकृत**



**घुँगीको व्यापार** | **सुनसरीको इनरुवा नगरपालिका–२ स्थित बिहीबारे हटियामा बिक्रीका लागि राखिएको घुँगी ।** *तस्बिर: नवीन गड्तौला/रासस*

# गृहमा जेन–जी 'हेल्प डेस्क'

**काठमाडौं (प्रस)–** 'सर नमस्कार, जेन–जी आन्दोलनका क्रममा घाइते हुनुभएका एक जनालाई समस्या आइपर्‍यो, सहजीकरण गरिदिनुपर्‍यो,' गृह मन्त्रालयमा स्थापना भएको 'जेन–जी हेल्प डेस्क'मा गुनासो सुनिसकेपछि दोलखाका साम्राज्य खड्काले गुनासोलाई सम्बन्धित ठाउँमा 'रेफर' गरिदिए ।

यही असोज ७ गते स्थापना भएको जेन–जी हेल्प डेस्कमा खड्कासँगै दैलेखका राजेन्द्र अधिकारी र मोरङका जुनाल गदाल हरेक दिन यसैगरी गुनासा सुन्छन् र सम्बन्धित ठाउँमा पुर्‍याउँछन् । 'बिहान १० बजेदेखि काम सुरु हुन्छ, तर घर फर्कने टुंगो हुँदैन, कहिलेकाहीँ रात पनि यहीँ बित्छ,' खड्काले कामको व्यस्तता सुनाए । फोन गर्नेहरू अधिकांशले आफ्ना गुनासा, सुनाउँछन् भने कतिपयले सहयोगको अपेक्षा पनि राख्छन् ।

खड्काका अनुसार यो कुनै सरकारी नियुक्ति होइन । जेन–जी समूहले स्वयंसेवकका रूपमा उनीहरूलाई हेल्प डेस्कमा खटाएको हो । दैलेखका राजेन्द्र अधिकारीको अनुभवमा सिंहदरबारभित्र बसेर सहयोगी भूमिका निभाउन सजिलो नहुने रहेछ । 'पहिले त जेन–जीलाई सिंहदरबारभित्र छिर्न पनि चुनौती थियो, अहिले विस्तारै सहज बन्दै गएको छ, हेल्प डेस्कमा काम गर्दा धेरै फरक अनुभव पनि भइरहेको छ ।'

अधिकारीका अनुसार फोन गर्नेहरूले सिंहदरबारमा पस्ने गेट पासदेखि अस्पतालमा उपचाररत घाइतेका समस्या सुनाइरहन्छन् । 'प्रक्रियागत काम गर्दा कहिलेकाँही केही ढिला पनि हुन्छ, अलिकति ढिला हुँदा केही जेन–जी साथीहरू रिसाउनुहुन्छ, हामीलाई कतिपय अवस्थामा सम्झाउन पनि गाह्रो हुन्छ ।'

जेन–जी हेल्प डेस्कमा हालसम्म १२४ वटा गुनासा रेकर्ड भएका छन् । जसमध्ये ८३ वटा गुनासा जेन–जीले गरेका छन् । जेन–जी आन्दोलनका पीडित र पीडितका परिवारमा देखिएको समस्या सुल्झाउनतर्फ आफूहरू बढी केन्द्रित भएको अधिकारीको भनाइ छ । त्यसबाहेक स्थानीयस्तरमा भोग्नुपरेका गुनासा पनि हेल्प डेस्कमा आउँछन् ।

मोरङका जुनाल गदालका अनुसार जेन–जीका समस्यासँगै सिमान्तकृत समुदायले भोग्नुपरेका समस्या, सहकारीपीडितले पनि हेल्प डेस्क गुहार्छन् । 'कतिपयले त हामीले उनका दुःखेसो सुनिदिँदा मात्रै पनि राहत महसुस गर्नुहुन्छ,' गदालले भने, 'यद्यपि अहिले हामी जेन–जीलाई नै केन्द्रित गरेर सहयोग गर्दै आएका छौं ।'

उनका अनुसार कतिपय घाइते अस्पतालबाट डिस्चार्ज भएपछि दुःख पाएको अवस्था छ । यस्ता गुनासालाई हामीले उपलब्ध स्रोत र साधनबाट जतिसक्दो चाँडो सम्बोधन गर्ने प्रयास गरिन्छ । 'हामीले यहाँ बसेर काम गर्दा सिहंदरबार र नागरिकबीच ठूलो खाडल रहेको पायौं, यहाँ आएपछि नागरिकका पीडाबारे बोध भएको छ, उनको पीडामा मलहम लगाउने हाम्रो प्रयास हो ।'

हेल्प डेस्कमार्फत गुनासो गर्दा जेन–जीले सहयोग गर्छन् भन्ने धेरैलाई विश्वास लागेको उनको बुझाइ छ । यसले आफूहरूलाई थप जिम्मेवार बनाएको उनीहरूको भनाइ छ ।

गृह मन्त्रालयका सहसचिव एवं प्रवक्ता आनन्द काफ्लेले गत भदौ २३ र २४ गते भएको जेन–जी आन्दोलनपछि कतिपयले असुरक्षित महसुस गरेको, शान्ति सुरक्षामा चुनौती देखिएको र जेन–जी पुस्ताका थुप्रै गुनासो आउने हुँदा समाधानका लागि हेल्प डेस्क राखेको बताए । जसमा जेन–जी पुस्ताका युवाहरूले नै गुनासो सुन्छन् र समाधानमा सहजीकरण गर्दै आएका छन् ।

# बजेट अभावमा 'आमा सुरक्षा कार्यक्रम' प्रभावित

**काभ्रेपलाञ्चोक–** बजेट अभावका कारण बनेपास्थित शिर मेमोरियल अस्पतालमा सञ्चालित 'आमा सुरक्षा कार्यक्रम' प्रभावित बनेको छ । १४ वर्षदेखि निरन्तर सञ्चालनमा ल्याइएको उक्त कार्यक्रम स्थगन गरिएको अस्पतालले औपचारिक रूपमा घोषणा गरेको छ ।

संघीय सरकारले सम्झौताअनुसार पर्याप्त बजेट विनियोजन नगरेका कारण चालु आर्थिक वर्ष २०८२/८३ देखि आमा सुरक्षा कार्यक्रम सञ्चालन गर्न नसकिने ब्यहोराको पत्र बनेपा नगरपालिका कार्यालयले अस्पताललाई पठाएपछि अस्पतालले आउँदो कात्तिक १ गतेदेखि उक्त कार्यक्रम तत्कालका लागि स्थगित गरेको जानकारी दिइएको हो । अस्पतालले पत्रकार सम्मेलनमार्फत गराएको जानकारीअनुसार २०६८ सालमा नगर कार्यालय र अस्पतालबीच द्विपक्षीय सम्झौता भई संघीय सरकारको बजेटमा आमा सुरक्षा कार्यक्रम सञ्चालन हुँदै आएको थियो ।

नगरले यही असोज २७ गते अस्पताललाई पत्र लेख्दै आउँदो कात्तिक १ गते देखि उक्त कार्यक्रम स्थगित गर्न पत्राचार गरेको थियो । उक्त कार्यक्रममार्फत सुत्केरी हुने महिलाका लागि अस्पतालको तर्फबाट ४८ प्रतिशत, बिरामीको तर्फबाट २० प्रतिशत र संघीय सरकारको तर्फबाट ३२ प्रतिशत खर्च व्यहोर्ने सहमतिअनुसार सुत्केरी हुँदाका बेला उपचारमा भएको खर्चमा संघीय सरकारले अस्पतालका लागि शल्यक्रिया गर्नुपरेमा १० हजार रूपैयाँ र सामान्य अवस्थामा दुई हजार ५०० रूपैयाँ उपलब्ध गराउँदै आएको थियो । यस्तै बिरामीको अवस्था हेरेर शल्यक्रिया गर्न २५ हजारदेखि २९ हजार रूपैयाँ तथा सामान्य अवस्थामा तीन हजार ६०० देखि चार हजार रूपैयाँसम्म खर्च हुँदै आएको थियो ।

अस्पतालले आमा सुरक्षा कार्यक्रम स्थगित गरे पनि ल्याब टेस्ट, युएसजी र एक्सरेबाहेकका सेवामा दिइरहेको ५० प्रतिशत छुट (जनरल वार्डमा सेवा प्राप्त गर्नेका लागिमात्र) र औषधिमा पाँच प्रतिशत छुट भने अस्पतालको तर्फबाट उपलब्ध गराउँदै आएको अस्पतालकी स्वास्थ्य निर्देशक डा. एञ्जिला बस्नेतले जानकारी दिइन् । उनका अनुसार रकम तिर्न नसक्ने सुत्केरी हुँदा र भएपछि घर फर्कने खर्च भने अस्पतालको च्यारिटी फण्डबाट सेवा उपलब्ध गराइने छ । अस्पतालका अनुसार आमा सुरक्षा कार्यक्रम सञ्चालन भएको गत आवमा मात्रै एक करोड ४० लाख रूपैयाँ च्यारिटीबाट उपलब्ध गराइएको थियो ।

१४ वर्षको अवधिमा उक्त कार्यक्रममार्फत २८ हजार महिलालाई सुत्केरी सेवा प्रदान गरिएको अस्पतालको तथ्यांकमा उल्लेख छ । वि.सं. २०१६ मा स्थापित अस्पतालले सुत्केरीको स्वास्थ्य सेवालाई सहज र सरल बनाउने उद्देश्यले ५० प्रतिशत अनुदान अस्पताल स्वयंले व्यहोर्ने गरी 'शिर मदर केयर प्रोगाम' सञ्चालनमा ल्याएको जानकारी दिएको छ । *रासस*

## ट्रान्सक्रिप्ट हराएको सूचना

बागबजारदेखि कीर्तिपुर जाँदा मेरो T.U.बाट जारी निम्न व्यहोराको स्नातकोत्तरको ट्रान्सक्रिप्ट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा फोन नं. ९८६२२४६६३९ मा खबर गरिदिनुहोला ।

**रजिस्ट्रेसन नं. ७७२८०५०२६**
**नाम थर: समिर खनाल**
**ठेगाना: कीर्तिपुर, काठमाडौं**


## ओमन/युएइमा रोजगार

कम्पनी : SAKAN FACILITY MANAGEMENT SAOC SAOC

पूर्व स्वीकृति मिति : २०८२/०६/१० | LT. No. 331712 | चलानी नं. ६०२४५४६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER / PUBLIC BUILDING | 10 | 0 | 100 | ३६,६५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dish Washer/Kitchen Helpers | 4 | 0 | 120 | ४३,९८१ | | | | | | | |

कम्पनी : OSHA BEAUTY

पूर्व स्वीकृति मिति : २०८२/०६/३० | LT. No. 332464 | चलानी नं. ६०२४६१५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST | 0 | 3 | 1500 | ५७,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ कार्तिक ७ गते (24th Oct. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No 1726/081/082

S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9860603888, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com


# Dullu Municipality
# Office of Municipal Executive

**Dullu,Dailekh**
**Karnali Province**

## Invitation For Bids

**IFB No: GOODS/SQ/01/2082/083**

**IFB No: GOODS/SQ/02/2082/083**

**First Date of publication: 31/06/2082**

*1.* Dullu Municipality, Dailekh invites only electronic bids from Nepalese eligible bidders for the construction of below listed execution of works under National Competitive Bidding procedures.

| SN | Contract No | Work Description/ Name of Project | Estimated Amount (Without VAT & PS) | Bid Security amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | IFB No: GOODS/SQ/01/ 2082/083 | Supply & Delivery Of Medicine Items | 3440461.97 | 110000.00 | 3000.00 | 75 Days |
| 1 | IFB No: GOODS/SQ/02/ 2082/083 | Supply & Delivery Of Surgical Items | 4422622.673 | 120000.00 | 3000.00 | 75 Days |

2. a) Rajaswa (revenue) Khatta no. 4340100301010002 &
   b) Dharauti Khatta(Deposit Acct.) No: 4340100303000002
3. Electronic bids must be submitted before 12:00 on 14/07/2082.
   The bids will be opened at 14:00 on 14/07/2082

**Chief Administrative Officer**

## एकता बहुउद्देश्यीय सहकारी संस्था लि

**ललितपुर महानगरपालिका–१९, कुमारीपाटी, ललितपुर, फोन : ०१–५४२४१३५**

### कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

*प्रथम पटक प्रकाशित मिति २०८२/०६/३१*

यस संस्थाबाट तपसिलका सदस्यले आफ्नो व्यवसाय सञ्चालन गर्न निम्न लिखित अचल सम्पत्ति धितो राखी लिनुभएको कर्जालाई यस संस्थासँग गरेको सम्झौता वमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा अन्य दस्तुर चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत ऋणी तथा जमानतकर्ताले सो को पूर्ण बेवास्ता गर्दै कर्जा चुक्ता गर्न कुनै चासो नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र कर्जा चुक्ता भुक्तानी हुने मिति सम्मको सम्पूर्ण साँवा, व्याज तथा अन्य दस्तुर रकम फछ्र्योट गर्न/गराउनको लागि सम्बन्धित ऋणी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ र यो सूचनाको समेत बेवास्ता गरी बस्नु भएमा यस संस्थाले प्रचलित ऐन, नियम कानून, विनियम वमोजिम धितो सुरक्षण लिलाम विक्रीको प्रक्रिया अगाडि बढाउने व्यहोरा पनि जानकारी गराइन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको नाम, थर ठेगाना | जमानीको नाम, थर ठेगाना |
|---|---|---|
| १ | नाम : शोभा तमाङ<br>ठेगाना : धुनीबेशी न.पा.१, धादिङ<br>बाबु : साइला तामाङ<br>बाजे : कृष्ण बहादुर तामाङ<br>ना.प्र.नं.: २६-०१-७०-०११२२/धादिङ<br>जारी मिति : २०७०-११-१२ | नाम : चन्द्र कुमारी श्रेष्ठ<br>ठेगाना : पोखरा उ.म.न.पा.-१६, कास्की<br>बाबु : खड्क बहादुर श्रेष्ठ<br>बाजे : चेत बहादुर श्रेष्ठ<br>ना.प्र.नं. : ३३३०७/काँस्की<br>जारी मिति : २०५२-०३-२६ |
| २ | नाम : मनिषा राई<br>ठेगाना : फत्तेपुर गा.वि.स.-०७, सप्तरी<br>बाबु : विल बहादुर राई<br>बाजे :<br>ना.प्र.नं.: ०३२०९५२७/सप्तरी<br>जारी मिति : २०६०/१२/०६ | नाम : दिपक राई<br>ठेगाना : फत्तेपुर गा.वि.स.-०३, सप्तरी<br>बाबु : सर्वधन राइ<br>बाजे :<br>ना.प्र.नं.: ६८४५/सप्तरी<br>जारी मिति : २०५७/१२/१५ |
| ३ | नाम : लक्ष्मी कुमारी नेपाल<br>ठेगाना : पौराई गा.वि.स. वडा नं.- १, रौतहट<br>बाबु : लिलाहरि उपाध्याय<br>बाजे : भद्र लाल उपाध्याय<br>ना.प्र.नं.: २१४५/रौतहट<br>जारी मिति : २०६०/०३/३२ | नाम : छवि भट्टराई<br>ठेगाना : दियाले गा.वि.स. वडा नं.-०१, ओखलढुंगा<br>बाबु : खिल नाथ भट्टराई<br>बाजे :<br>ना.प्र.नं.: १३-०१-७३-०२५९१/ ओखलढुंगा<br>जारी मिति : २०७३-०७-०९ |
| ४ | नाम : कुमारी महर्जन<br>ठेगाना : सिंचिपुर गा.वि.स.९, ललितपुर<br>बाबु : बागदान राई<br>बाजे : निरम्पा राई<br>ना.प्र.नं. : १०४९९/ललितपुर<br>जारी मिति : २०५६/१०/२० | नाम : अजय महर्जन<br>ठेगाना : महालक्ष्मी न.पा.-०६, ललितपुर<br>बाबु : कुमार महर्जन<br>बाजे : प्रेम गोविन्द महर्जन<br>ना.प्र.नं.: ०१३६३६/ललितपुर<br>जारी मिति : २०७८/०८/२२ |
| ५ | नाम : चन्द्रिका कुमारी ग्रान्जा<br>ठेगाना : गौशाला न.पा. वडा नं. १, महोत्तरी<br>बाबु : दिल बहादुर ग्रान्जा<br>बाजे : पूर्ण बहादुर ग्रान्जा<br>ना.प्र.नं.: ०८९००१२०/महोत्तरी<br>जारी मिति : २०५६/०८/२३ | नाम : थर बहादुर समाल मगर<br>ठेगाना : भुचक्रपुर गा.वि.स.-०१, धनुषा<br>बाबु : ज्ञान बहादुर समाल मगर<br>बाजे: मेघ वरन समाल मगर<br>ना.प्र.नं.: १४७८२७४२/धनुषा<br>जारी मिति : २०५१/१२/१३ |
| ६ | नाम : सुजिना डंगोल<br>ठेगाना : का.म.न.पा.-१९, काठमाडौं<br>बाबु : अच्युत मान राजभन्डारी<br>बाजे : सुवर्ण मान राजभन्डारी<br>ना.प्र.नं.: १०२४६/काठमाडौं<br>जारी मिति : २०६०/११/२२ | नाम : राम गोपाल डंगोल<br>ठेगाना : काठमाडौं नगर-१, काठमाडौं<br>बाबु : हिरा मान डंगोल<br>बाजे : हर्क नारायण डंगोल<br>ना.प्र.नं.: ८०८०/काठमाडौं<br>जारी मिति : २०५२/०८/२६ |
| ७ | नाम : अनिल सुनुवार<br>ठेगाना : का.म.न.पा.-०३, काठमाडौं बौद्ध<br>बाबु : शरण सुनुवार<br>बाजे : रसविर सुनुवार<br>ना.प्र.नं.: २४१०१५/काठमाडौं<br>जारी मिति : | नाम : फुल मति सुनार<br>ठेगाना : गोकर्णेश्वर न.पा.-६, काठमाडौं<br>बाबु : मान बहादुर सुनार<br>बाजे : अगम सुनार<br>ना.प्र.नं.: २७-०१-७७-०१५१६/काठमाडौं<br>जारी मिति : २०७७-०४-२३ |
| ८ | नाम : प्रवृत्ति श्रेष्ठ<br>ठेगाना : ललितपुर म.न.पा. ११, ललितपुर<br>बाबु : पूर्ण बहादुर महर्जन<br>बाजे : बुद्धिलाल महर्जन<br>ना.प्र.नं.: १००६६६/ललितपुर<br>जारी मिति : २०७५-०५-०४ | नाम : सुदिप श्रेष्ठ<br>ठेगाना : ललितपुर उप.न.पा. २२, ललितपुर<br>बाबु : सुरेन्द्र श्रेष्ठ<br>बाजे : जगत बहादुर श्रेष्ठ<br>ना.प्र.नं.: ९२७६८/ललितपुर<br>जारी मिति : २०५५/०१/१५ |
| ९ | नाम : विन्दु भण्डारी<br>ठेगाना : ५हरा गा.वि.स. व८ा नं.०१, पाल्पा<br>बाबु : जुद्ध बहादुर भण्डारी<br>बाजे : केहर सिं भण्डारी<br>ना.प्र.नं.: ३९१०१९/५७७/ पाल्पा<br>जारी मिति : २०६७/०५/२७ | नाम : तारा बहादुर घिमिरे क्षेत्री<br>ठेगाना : पटाटी गा.वि.स. ०४, अर्घाखाँची<br>बाबु : ओम बहुर घिमिरे क्षेत्री<br>बाजे : मोती लाल घिमिरे<br>ना.प्र.नं.: ३४५/४०१०३२/अर्घाखाँची<br>जारी मिति : २०६६/०३/२२ |
| १० | नाम : आशा राई<br>ठेगाना : इघहरी ०२, सुनसरी<br>बाबु : मनदत्त राई<br>बाजे : श्री हर्क राई<br>ना.प्र.नं.: ६५९३४/६६९३४/सुनसरी<br>जारी मिति : २०५८/१०/१२ | नाम : मनोज चौधरी<br>ठेगाना : सुन्दरपुर उ.म.न.पा. ०९, मोरङ<br>बाबु : प्रथम कुमार चौधरी<br>बाजे : बल देव चौधरी<br>ना.प्र.नं.: ३४४७०/ मोरङ<br>जारी मिति : २०५४/०५/३० |
| ११ | नाम : रमेश कुमार थापा<br>ठेगाना : भरतगज गा.वि.स. ०७, बारा<br>बाबु : पहल बहादुर थापा<br>बाजे : राम बहादुर थापा<br>ना.प्र.नं.: ५४८९/ बारा<br>जारी मिति : २०५६/११/२३ | नाम : विष्णु माया पाखीन<br>ठेगाना : भौसे गा.वि.स. ०८, मकवानपुर<br>बाबु : रत्न बहादुर पाँखीन<br>बाजे : सवल सिं पाखीन<br>ना.प्र.नं.: ३१-०१-७१-०९४३५/मकवानपुर<br>जारी मिति : २०७१-०१-३० |
| १२ | नाम : कृष्ण तामाङ<br>ठेगाना : यमुनाडाँडा गा.वि.स. ०६, सिन्धुपाल्चोक<br>बाबु : राना तामाङ<br>बाजे : भिम बहादुर तामाङ<br>ना.प्र.नं.: २४१०२७/२५, सिन्धुपाल्चोक<br>जारी मिति : २०६७/०३/१३ | नाम : सत्य नारायण श्रेष्ठ<br>ठेगाना : ललितपुर म.न.पा. २५, ललितपुर<br>बाबु : रत्न लाल श्रेष्ठ<br>बाजे : मोतिलाल श्रेष्ठ<br>ना.प्र.नं.: २८-०१-७८-००९२६, ललितपुर<br>जारी मिति : २०७८-०४-१९ |
| १३ | नाम : चन्द्रविना राई<br>ठेगाना : पाथेका गा.वि.स.०२, खोटाङ<br>बाबु : वृद्धि बहादुर राई<br>बाजे : गजेन्द्र बहादुर राई<br>ना.प्र.नं.: १२१०६०/३९९ , खोटाङ<br>जारी मिति : २०६९/०७/१६ | नाम : दिब्या राई<br>ठेगाना : दिक्तेल रूपाकोट मझुवागढी न.पा. १०, खोटाङ<br>बाबु : अड्डा मनि राई<br>बाजे : भक्ति प्रसाद राई<br>ना.प्र.नं.: १२-०१-७८-०५३३९/खोटाङ<br>जारी मिति : २०७८-११-१२ |
| १४ | नाम : उषा वस्नेत क्षेत्री<br>ठेगाना : भरतपुर उ.म.न.पा. ०७, चितवन<br>बाबु : वद्री बहादुर के.सी.<br>बाजे : गणेश बहादुर के.सी.<br>ना.प्र.नं.: ०४३२९५/चितवन<br>जारी मिति : २०६५/११/१३ | नाम : सागर थिङ<br>ठेगाना : नल्लु गा.वि.स. वडा नं. ०९, ललितपुर<br>बाबु : जय बहादुर थिङ<br>बाजे : भेख बहादुर थिङ<br>ना.प्र.नं.: ४१३८१/ ललितपुर<br>जारी मिति : २०६२/१०/११ |
| १५ | नाम : हेम बहादुर भोलन<br>ठेगाना : भिमस्थान गा.वि.स. ०७, सिन्धुली<br>बाबु : बीर बहादुर भोलन<br>बाजे : व्रिज बहादुर भोलन<br>ना.प्र.नं.: ६७६/२१६३२, सिन्धुली<br>जारी मिति : २०५८/०९/२३ | नाम : चन्द्रवती श्रेष्ठ<br>ठेगाना : बुढानिलकण्ठ न.पा. ४, काठमाडौं<br>बाबु : गोपाल श्रेष्ठ<br>बाजे : मान बहादुर श्रेष्ठ<br>ना.प्र.नं.: २३२५/काठमाडौं<br>जारी मिति : २०५७-०५-१४ |

# पाँच वर्षमा पनि बनेन दूधकोशीको चुहार पक्की पुल



**भोजपुर (प्रस)–** भोजपुर र उदयपुरलाई जोड्ने दूधकोशी नदीमाथि निर्माणाधीन चुहार पक्की पुल पाँच वर्ष बितिसक्दा पनि अपूरो छ । दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित २०७७ सालमा निर्माण सुरु गरिएको उक्त पुल हालसम्म पनि रोकिएको छ ।

कोशी प्रदेश सरकारले २१ करोड २३ लाख १२ हजार रूपैयाँ लागतमा कालिका-प्यासेफिक जेभीलाई पुल निर्माणको जिम्मा दिएको थियो । सुरुमा दुवैतर्फ पिलर निर्माण सुरु भए पनि कामले निरन्तरता नपाएर अधुरै छाडिएको हो ।

लामो समयदेखि अलपत्र बनेको पुल निर्माणमा ढिलाइ भएपछि भोजपुरका तीन स्थानीय तह रामप्रसादराई, हतुवागढी र आमचोक गाउँपालिकाले संयुक्त बैठक बसेर प्रदेश सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेका छन् । रामप्रसादराई गाउँपालिकाका अध्यक्ष थामबहादुर राईले पुल निर्माणमा भइरहेको ढिलाइले तीनवटै पालिकाका बासिन्दा प्रत्यक्ष प्रभावित भएका बताए । 'प्रदेश सरकारले दुई वर्षमा बनाउने भनिएको पुल पाँच वर्षसम्म पनि बनेको छैन,' उनले भने, 'हामी संयुक्त पहलमार्फत प्रदेश सरकारलाई काम अघि बढाउन दबाब दिनेछौं । काममा ढिलाइ हुँदा नागरिकलाई प्रत्यक्ष असर पुगेको छ ।'

संयुक्त बैठकमा हतुवागढी गाउँपालिकाका अध्यक्ष प्रेमकुमार राई, आमचोक गाउँपालिका उपाध्यक्ष अशोक राईसहित तीनवटै पालिकाका प्रमुख प्रशासकीय अधिकृत र सरोकार भएका निकायका प्रतिनिधि सहभागी थिए । दक्षिणी क्षेत्र हुँदै तराईका जिल्लासँग जोडिने प्रमुख मार्गका रूपमा रहेको चुहार पुल निर्माण रोकिएपछि स्थानीयवासी वर्षौंदेखि जोखिमपूर्ण रूपमा दूधकोशी पार गर्दै आवतजावत गर्न बाध्य छन् ।

२०७७ असोज २७ गते सिलान्यास गरिएको यो पुलले भोजपुरको हतुवागढी-९ हसनपुर र उदयपुरको वेलका नगरपालिका-७ मैनामैनीलाई जोड्छ । पुलको लम्बाइ ९० मिटर र चौडाइ फुटपाथसहित साढे १० मिटर रहने छ । स्थानीयवासीका अनुसार पुल बनेपछि यो क्षेत्रको आवागमन, व्यापार तथा सामाजिक सम्पर्कमा सहजता आउने छ । निर्माण कार्य लामो समयदेखि ठप्प हुँदा स्थानीय निरास भएका छन् ।

# पन्ध्र शयचाको चन्द्रकोट अस्पताल सञ्चालनमा

**गुल्मी (प्रस)–** गुल्मीको चन्द्रकोट गाउँपालिकामा बनेको १५ शयचाको आधारभूत अस्पताल सञ्चालनमा आएको छ । गाउँपालिका वडा नं ६ मा बनेको अस्पताल बिहीबारबाट सञ्चालनमा आएको हो । अस्पताल संरचान दुई वर्षसम्म प्रयोगविहीन भएको भन्दै विरोध हुँदै आएको थियो । हाल गाउँपालिकाले मेडिकल अधिकृतको व्यवस्थापन गरी अस्पताल सञ्चालनमा ल्याएको अध्यक्ष युवराज केसीले जानकारी दिए ।

अस्पताल सञ्चालनका लागि विज्ञापनमार्फत डा. रोशनकुमार यादव र लुम्बिनी प्रदेशको छात्रवृत्ति करारमार्फत डा. अरुण गैरेलाई नियुक्ति गरी सेवा सुरु गरिएको उनले बताए । अस्पतालमा अब प्रयोगशाला, बर्थिङ सेन्टर, भिडियो एक्सरेलगायत बहिरंग सेवा (ओपिडी) सञ्चालन हुने छन् । 'अस्पताल सुरु भएसँगै चन्द्रकोटवासीलाई उपचारका लागि बाहिर जानुपर्ने बाध्यता हट्ने छ,' अध्यक्ष केसीले भने, 'अस्पतालको दिगो सञ्चालनका लागि पालिकाले सहयोग गर्नुपर्छ ।'


## Siddhalek Rural Municipality

Office of Municipal Executive
Bungchung, Dhading

### Amendment of Invitation for Bids

**Publication Date : 2025-oct-13**

**Amendment Date of Publication: 2025-oct-17**

Siddhalek Rural Municipality, Office of Municipal Executive, Bungchung, Dhading invites electronic bids for the Jare Adamtar Bhaldanda Bhaise Kumpur Bhanjyang Kalidaha Sadak ,Ward No. 7, Invitation for Bids No. SRM/W/JABBKBKS/04/082/083 works under National competition Bidding (NCB) This is to notify all bidders that the Invitation for Bids (IFB) has been amended as follows:

**Amendment Details:**

**The Bid Security Amount is 5,15,000.00**

All other terms and conditions of the original Invitation for Bids shall remain unchanged.

Eligible Bidder may obtain further and detail information and shall take part in bidding process from PPMO's website www.bolpatra.gov.np/egp

Chief Administrative Officer


# ध्वनि प्रदूषण नियन्त्रण गर्ने अभियानमा ट्राफिक प्रहरी

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यकामा सवारी साधनबाट हुने ध्वनि प्रदूषण नियन्त्रण गर्न उपत्यका ट्राफिक प्रहरीले विशेष अभियान सुरु गरेको छ । चर्को आवाजमा हर्न बजाउने र मोटरसाइकलमा गैरकानुनी तरिकाले परिमार्जन गरिएको साइलेन्सर पाइप गरिएका सवारीसाधनका कारण उत्पन्न हुने ध्वनि प्रदूषणमाथि कडाइ गर्न यो अभियान सुरु गरिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयले जानकारी दिएको छ ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार पछिल्ला केही दिनयता उपत्यकाका मुख्य सहर काठमाडौं, ललितपुर र भक्तपुरसहित विभिन्न स्थानमा स्वरूप परिवर्तन गरी ध्वनि निकाल्ने कम्तीमा पनि २०० भन्दा बढी मोटरसाइकलहरू नियन्त्रणमा लिइएको छ ।

भारी आवाज निकाल्ने मोटरसाइकलहरूलाई नियन्त्रणमा लिई आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले जानकारी दिए । उनले भने, 'हामी सबैको जीवनशैलीमा ध्वनि प्रदूषणले प्रत्यक्ष असर पारिरहेको छ । मोटरसाइकलबाट आउने चर्को आवाजका कारण राति निद्रा लाग्न नसक्ने, तनाव हुने र समाजमा त्रासको वातावरण सिर्जना हुने अवस्था देखियो । रमाइलोको नाममा अरूलाई पीडा दिने प्रवृत्तिविरुद्ध अब कडा निगरानी गरिन्छ ।'

सवारी तथा यातायात व्यवस्था ऐनले कम्पनीले तोकेको मापदण्ड अनुसार मात्र सवारी सञ्चालन गर्न दिने व्यवस्था गरेको भए पनि पछिल्लो समय धेरै मोटरसाइकल चालकले यो नियम उल्लंघन गर्दै मनपरी साइलेन्सर पाइप परिवर्तन गरी चर्को आवाज निकाल्दै चलाउने गर्न थालेपछि कडाइ गर्नुपरेको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले बताए ।


## Lekam Rural Municipality

## Office of Rural Municipality Executive

**Ratamata, Darchula**

### Notice for Invitation of Bids

**Date of publication: 2082-06-30 (Oct 16th, 2025)**

***Lekam Rural Municipality , Office of Rural Municipal Executive Ratamata, Darchula*** invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding procedures through PPMO's e-procurement system https:/bolpatra.gov.np/egp. For the procurement of following works mentioned below.

| S. N. | Name of Project | Contract Id. | Estimated Amount (withVAT) | Bid Security (Nrs.) | Last Date& Time of Bid Submission | Date & Place of Bid Opening |
|---|---|---|---|---|---|---|
| 1. | Badipur Patyudi Uchakot Sadak | LRM/W/NCB/ 06/2082/083 | 67,96,105.79 | 1,92,500.00 | 2082-07-30 (16 Nov 2025) | 2082-08-01 (17 Oct 2025) |
| 2. | Dethali Pirtoli Amkur Gogana Ganet Sadak | LRM/W/NCB/ 07/2082/083 | 1,62,62,061.06 | 4,61,000.00 | 2082-07-30 (16 Nov 2025) | 2082-08-01 (17 Oct 2025) |

**Bank information**

| Name of bank | Office Account Name and Numbers | Bidding Document cost |
|---|---|---|
| Laxmi Sunrise Bank Lekam Branch | for bid documents fee(ga1.1 account no.09003000200) for bid security deposit(ga3,account no.09003000187) | Nrs.3000 (three thousand only) |

For the more details contract no.9760808564, 9760808567 or may visit ppmo e-gp system at www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**



## Putha Uttarganga Rural Municipality

## Office Of The Rural Municipal Executive

**Takasera,Rukum (East)**
**Lumbini Province,Nepal**

### Invitation Of Bids

**(First Date Of Publication: B.S 2082/06/31) ( A.D 2025/10/17)**

1. **Putha Uttarganga Rural Municipality, Rukum (East)** invites bids from eligible bidders for the following construction works:

| Contract No. | Description of works | Estimate Amount (Without Vat But With PS ) (NRs.) | Bid Security Amount (NRs.) | Bid Doccument Price (NRs.) | Last Date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|
| EGP/PURMO/NCB/LISP/ WORKS/ROADS/2082/83-01 | Improvement and Upgrading of Dimurgahira–Tatopani Road | Nrs:7091483.43 | Nrs:206000 | Nrs:3000 | 2082/08/01 (2025/11/17) 12:00 Hours | 2082/08/01 (2025/11/17) 13:00 Hours Pm |
| EGP/PURMO/NCB/LISP/ WORKS/ROADS/2082/83-02 | Improvement and Upgrading of Okhma Tribeni Kole Baluwa Padmi Road ward no -12,13 | Nrs:9751556.69 | Nrs:283000 | | | |
| EGP/PURMO/NCB/LISP/ WORKS/ROADS/2082/83-03 | Improvement and Upgrading of Ransi-Panichaur Road-14 | Nrs:2664865.89 | Nrs:78000 | | | |
| EGP/PURMO/NCB/LISP/ WORKS/IRRI/2082/83-04 | Nawarkhola Dhekhi Hukam Gar Irrigation and Maintenance Project-05 | Nrs:6518285.62 | Nrs:193000 | | | |
| EGP/PURMO/NCB/LISP/ WORKS/ROADS/2082/83-05 | Improvement and Upgrading of Gham Tapnai Connecting Dam Road-11 | Nrs:2619.49589. | Nrs:76000 | | | |

2. Information to deposit the cost of Bidding Doccument and Bid-Bond in the Bank:
   a. **Bid Document Fee:** GA 1.1 Aantarik Rajaswa Khata (01415359946) – Siddartha Bank, Putha Uttarganga Branch
   b. **Bid Security:** GA 03 Dharauti Khata (01415220470) Siddartha Bank, Putha Uttarganga Branch
3. **Bid Submission:** Online only via PPMO e-GP.
4. **Regulations:** Public Procurement Act 2063 & Regulation 2064 (with amendments). Amendments will be published on PPMO's e-GP portal https://www.bolpatra.gov.np/egp/ and the office notice board.
5. Putha Uttarganga Rural Municipality ,Rukum (East) reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

**Chief Administrative Officer**




## इनास एसिया संयोजकमा गीतकार पाण्डे

गीतकार दयाराम पाण्डे अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज इनासको एसिया क्षेत्रीय समितिको संयोजकमा निर्वाचित भएका छन् । काठमाडौँमा बुधबार आयोजित 'छैटौँ इनास ग्लोबल महाधिवेशन– २०८२' बाट पाण्डे एसिया संयोजकमा निर्विरोध निर्वाचित भएका हुन् । उनको कार्यकाल दुई वर्ष (२०२५–२०२७) को हुनेछ । उनी यसअघि इनास नेपालको अध्यक्ष थिए । इनास सन् २०१२ मा पोल्यान्डबाट सुरू भएको संस्था हो । नेपाली भाषा, साहित्य, कला, संस्कृति, सिनेमा, खेलकुदको संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यले स्थापना भएको इनास हाल विश्वका ७५ भन्दा धेरै राष्ट्रमा फैलिएको छ ।





# 'काठमाडौं हरर चलचित्र महोत्सव' कात्तिक दोस्रो सातादेखि

**काठमाडौं (प्रस)–** आगामी कात्तिक दोस्रो सातादेखि 'काठमाडौं हरर चलचित्र महोत्सव' हुने भएको छ । नेपालमा पहिलोपटक आयोजना हुन लागेको उक्त महोत्सवका लागि १५ देशका २५ उत्कृष्ट 'हरर', 'फ्यान्टेसी' तथा लोककथा आधारित चलचित्र छनोट भएका छन् ।




अक्टोबर ३१ तारिखमा मनाइने 'हेलोविन डे' को अवसर पारेर आगामी कात्तिक १४ देखि १६ गतेसम्म काठमाडौँमा आयोजना हुने उक्त महोत्सवले नेपाली दर्शकलाई अन्तरराष्ट्रियस्तरका रहस्यमय र डरलाग्दा कथाहरूको अनुभव गराउने आयोजक संस्था नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानका अध्यक्ष केपी पाठकले जानकारी दिए ।

